CC-0. In Public Domain. Digitization by eGangotri

ISSN 2091-1629

मुल्य रु. ४०/-

गौरी मासिक

वर्ष २०, अङ्क २, २०८५ कार्तिक, पूर्णाङ्क २२२

GAURI MASIK

विस्तर २२२ औं अङ्क



उत्तरबाहिनी कालीगण्डकी, मालुङ्गा

स्याङ्जा/पाल्पा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

द्वारा प्रवर्द्धित

STC ग्याँस

तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना दुरुक हुनुहोस्

साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व- २०८१ को पावन अवसरमा वडावासी लगायत सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

प्रेम थापा, वडाध्यक्ष एवम्

काठमाडौं महानगरपालिका वडा नं.- ३ परिवार

महाराजगञ्ज, काठमाडौं

जन्म, विवाह, बसाइसराई, सम्बन्ध विच्छेद, मृत्युलगायतका व्यक्तिगत घटना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व बडा दशैं, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्वको पावन अवसरमा सम्पूर्णमा महानुभावहरुमा हार्दिक शुभकामना

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय ललितकला क्याम्पस भोटाहिटीमा चार वर्षे स्नातक (B.F.A.) तहमा अध्यापन हुने विषयहरु-

- चित्रकला - मूर्तिकला - ग्राफिक कम्यूनिकेसन
- गायन - वादन - तवला - नृत्य

डा. रमेश पोखरेल

क्याम्पस प्रमुख,

ललितकला क्याम्पस

भोटाहिटी, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी

प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस

अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।

एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-

ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।

यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २०, अङ्क २, २०८१ पूर्णाङ्क २२२

कात्तिक २०८१

बिहीबार	१	८	१५	२२	२९
शुक्रबार	२	९	१६	२३	३०
शनिबार	३	१०	१७	२४	गौरी
आइतवार	४	११	१८	२५	गौरी
सोमबार	५	१२	१९	२६	गौरी
मङ्गलबार	६	१३	२०	२७	गौरी
बुधबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ । कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः
९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

केही समयपछि साहस गरी त्यसले भगवान्सित भन्यो-

भगवान् श्रीकृष्णको स्वधामगमन

प्रभो ! मैले नजानेर यो साह्रै ठूलो अपराध गरेको छु । म पापी हुँ । तर हजुर त परम यशस्वी र निर्विकार हुनुहुन्छ । हजुरले कृपा गरेर मेरो यो अपराध क्षमा गरिदिनुहोस् र मलाई तत्काल नै मारिदिनुहोस् जसमा म पुनः कहिल्यै हजुरजस्ता महापुरूषहरूको अपराध गर्न नसकूँ । त्यसका पश्चातापले भरिएका वचन सुनेर भगवान्ले त्यससित भन्नुभयो- व्याधा ! यो त तिमीले मेरो मनको नै काम गरेका छौ । जाऊ तिमी मेरो आज्ञाले वैकुण्ठमा निवास गर ।

परीक्षित ! भगवान्को आदेश पाएर त्यस व्याधाले उहाँलाई प्रणाम गरी विमानमा चढेर वैकुण्ठ गइहाल्यो ।

भगवान् श्रीकृष्णका सारथि दारूक खोजी गर्दै जब उहाँका नजिक पुगे, त्यस बेला उनले उहाँलाई त्यसै गरी त्यस पीपलको बोटतल पल्टिनुभएको देखे । उहाँलाई देख्नासाथ उनलाई प्रेमको बाढी आइहाल्यो र रथबाट हामफाली भगवान्का चरणमा गएर साष्टाङ्ग प्रणाम गरे । अनि प्रेमविह्वल भएर उनले प्रार्थना गर्न लागे- प्रभो ! रातिको समयमा चन्द्रमा अस्त भएपछि बाटो हिँड्ने बटुवाको जस्तो दशा हुन्छ, हजुरका चरणकमलको दर्शन नपाइनाले मेरो पनि उही दशा भएको छ ।

मेरो हृदयमा शान्तिको नामसम्म पनि छैन । भगवान्ले उनलाई आश्वासन दिँदै भन्नुभयो- दारूक ! अब तिमी द्वारिका गइहाल र त्यहाँ यदुवंशीहरूको पारस्परिक संहार, दाजु बलरामको परमगति र मैले स्वधामगमन गरेको सूचना सबैलाई देऊ । उनीहरूसित यो पनि भन कि अब उनीहरू द्वारिकामा नबसून् । मैले स्वधामगमन गरेपछि समुद्रले त्यस नगरीलाई डुबाइहाल्नेछ । यस कारण आआफ्नो सम्पत्ति र मेरा वृद्ध मातापितालाई सँगसँगै लिएर अर्जुनको संरक्षणमा इन्द्रप्रस्थ गइहालून् । दारूक । तिमी भागवतधर्मको आश्रय लेऊ र ज्ञाननिष्ठ भएर शान्त भइहाल ।

(एकादश स्कन्द समाप्त)

द्वादश स्कन्ध

महाराज परीक्षितको परमगति

श्री शुकदेवजीले ध्यानस्थ भएर भन्नुभयो- परीक्षित ! अब तपाईको मृत्युको समय नजिक आइरहेछ । अब तपाईले सावधान भएर भगवान् श्रीकृष्णलाई आफ्नो हृदयसिंहासनमा आसीन गरिहाल्नोस् । यसो गर्नाले तपाइँलाई अवश्य पनि परमगति प्राप्त हुनेछ । यस कथामृतको स्वाद लिएर अब तपाई आफ्नो बुद्धिले परमात्माको साक्षात्कार गर्नुहोस् । यस्तो सम्झना गर्नुहोस् कि म कालको पनि काल तथा स्वयम् परमेश्वर रूप हुँ । अनि त तक्षक त के स्वयम् मृत्युले पनि तपाईलाई विचलित गर्न सक्तैन ।

सूतजी भन्नुहुन्छ- शौनकादि ऋषिहरू हो ! राजर्षि परीक्षितले श्री शुकदेवजीका सम्पूर्ण उपदेश बडो ध्यानले सुने । उनले शिर नुहाएर अञ्जलि बाँधी साहै विनीतभावले भने- शुकदेवजी ! भगवान् श्रीकृष्णको परमपावन मुक्तिदायिनी लीलाकथाहरूको अमृतपान गराउनुभयो, म कृतकृत्य भएको छु । संसारका दुःखदावानलमा डढ्ने मजस्ता प्राणीहरूमाथि हजुरजस्ता महात्माहरूले अनुग्रह गर्नु स्वाभाविक नै हो । अब म पूर्णतः अभय भइसकेको छु । तक्षक अथवा कुनै पनि निमित्तले हुने मृत्युले मलाई भयभीत गर्न सक्तैन । हजुरको आज्ञा पाउनासाथ म मौन हुँला र चित्तलाई परमात्मामा विलीन गरेर प्राणको विसर्जन गरूँला ।

यस्तो भनेर परीक्षितले बडो प्रेम र श्रद्धाले परमहंस श्री शुकदेवजीको विधिवत् पूजा गरे । अनि महर्षि श्री शुकदेवजी गइसकेपछि राजर्षि परीक्षितले परमात्माको चिन्तनमा ध्यानमग्न भएर ब्रह्मस्वरूप भए । मुनिकुमार शृङ्गीले पठाएको तक्षक सर्प जब परीक्षितलाई डस्ननिम्ति त्यहाँ आउन लागेको थियो, त्यसैबेला बाटामा सर्पदंश चिकित्साविशेषज्ञ कश्यप ब्राह्मण भेटिए । तक्षकले धनसम्पत्ति दिएर उनलाई फर्काइदियो । तर तक्षकले डस्नुभन्दा पहिले नै राजर्षि परीक्षितले ब्राह्मीस्थिति प्राप्त गरिसकेका थिए । यस कारण त्यसले डस्नुका साथसाथै विषको ज्वालाले उनको शरीर देख्दादेख्दै जलेर भष्म भयो । क्रमशः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय

छठ पर्वको महिमा

केही वर्ष अगाडिसम्म कात्तिक शुक्लपक्ष षष्ठी तिथिमा तराईका जिल्लाहरूमा मधेशी समुदायले मात्र मनाउँदै आएको छठ पर्व पछिल्ला वर्षहरूमा अन्य समुदायले काठमाडौं उपत्यका सहित अन्य भूभागमा पनि आस्थापूर्वक मनाउने चलन बढेको छ । यसर्थ भोजपुरी र मैथिलीभाषी हिन्दुको मुख्य पर्व छठ हिजोआज पहाडी समुदायमा पनि लोकप्रिय बन्दैगएको आभाष भएको छ । वास्तवमा सूर्य मानव जाति मात्रै नभई संसारमा रहेका सबै प्राणीको साझा सम्पत्ति (देवता) भएको हुनाले यसको उपासनामा जातिगत या साम्प्रदायिक विभेद हुनुपर्ने कुरै आउँदैन । त्यसैले छठ पर्व अब कुनै जाति विशेषको पर्वको रूपमा मात्र सीमित नभई राष्ट्रिय पर्वको रूपमा स्थापित भएको छ । श्रद्धालुहरू आफूले चाहेको कुरा छठी माताले पूरा गरिदिने विश्वासका साथ व्रत बस्ने गर्दछन् । साथै व्रतको प्रभावले अभाव र दरिद्रता नहुने तथा परिवारमा सुख हुने जनविश्वास छ ।

चार दिनसम्म मनाइने छठ पर्वलाई निकै कठिन पर्व मानिन्छ । सत्य र अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्ने पर्वका रूपमा छठ मनाउने गरिन्छ । छठ पर्व लक्ष्मी पूजाको ठिक चार दिनपछि कात्तिक शुक्ल पक्षको चौथी तिथिका दिनबाट शुरु हुन्छ भने सप्तमीको विहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि समाप्त हुन्छ ।

सूर्य र जलको शक्ति तथा महत्व झल्काउने यस पर्वका कारण नदी, पोखरी लगायतका जलासय सफाइ गर्ने जनचेतनाको वृद्धि भइ वातावरण शुद्धिकरणमा समेत योगदान दिने गरेको पाइन्छ । साथै सफा र चोखो हुनुपर्ने तथा शुद्ध खाने कुरा खानुपर्ने मान्यताका कारण शारीरिक स्वास्थ्य अभिवृद्धिमा पनि सहयोग पुऱ्याउँदछ । छठ पर्वका कारण सामाजिक सद्भावमा समेत अभिवृद्धि भएको छ । पहाडी र मधेसी दाजुभाइ बीच यस पर्वको माध्यमले आपसी मेलमिलाप र सहकार्यको सम्वन्धमा समेत प्रगाढता छाउँदछ । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

के ईश्वर छ ? मनोज भण्डारी ४

गीताज्ञान

कर्मयोग आचार्य खेमराज केशवशरण ५

आध्यात्मिक वार्ता

सिर्तीको ब्राह्मसमाज.. श्रीमहेन्द्रनाथ गुप्त श्रीम ७

चिन्तन

मोक्ष चिन्तन.....२ डा. चिन्तामणिनाथ योगी ९

समसामयिक

गोरक्षा एवम्..... सहप्रा. डा. विनुबाबा अर्याल १३

देश-दर्शन

उत्तरगङ्गा मालुङ्गा वेदप्रसाद पन्त १७

व्यक्ति/व्यक्तित्व

महर्षि महेश... उद्धवप्रसाद भङ्राई 'चैतन्यदीप' २३

समयसन्दर्भ

दियोले दियो जलाउनु पर्दछ २६

संस्मरण

धार्मिक आस्थासित जोलिएको बेल. माया गौतम २९

पुस्तक अंश

महादेवको वहान..... हरिप्रसाद सोडारी ३१

गतिविधि ३५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

के ईश्वर छ ?

-मनोज भण्डारी

आँखाबाट नदेखिने सब कुरा झुट्टा हुने हुन् भने
मेरा निम्ति अमेरिका र रसिया आहान मात्रै बने
यी हाम्रा शिशु हातले हिमचुली छेकेर छेकिन्छ र ?
आमाको ममता र प्यार, शिशुको सम्मान, देखिन्छ र ? १

अन्धाले यदि भन्छ सात रङ नै हो व्यर्थको कल्पना
के मान्नेछु म बन्न सक्दछ घडा यौटा कुमाले विना
छौं हामी कमजोर, हेर्न नसकी सानो प्रभा घामको
यी गुच्चा कसरी लिऊन् छवि उनै मेरो घनश्यामको । २

माटो अन्न बन्यो, त्यही रस बन्यो, आयो त्यहीं जीवन
को जादूगरले गई भरिदियो आमाहरूको स्तन ।
त्यै खाएर चुसेर जीवन बच्यो, संसार मान्छे डुल्यो ।
आमाको गुन सम्झियो तर कठै, त्यो प्राणदाता भुल्यो ।३

जस्को श्वास लिएर बज्छ मुरली, यो देहको बैखरी
मुर्दा हैन म, भन्न सक्दछु ममा छाया उसैको परी
पालेको छ जगत् चराचर सबै जस्को कलाकारले
सत्ता नै पनि छैन भन्नु कसरी, मेरो अहङ्कारले ? ४

यी अग्ला हिमशैलको, शिखरको निर्माण को गर्दछ ?
कूचीले हरियो दली प्रकृतिमा यो रङ्ग को भर्दछ ?
बास्ना सुन्दर सापटी कुसुममा ल्याएर कस्ले दियो ?
पाए नास्तिक मित्र ! बस् यति कुरा बुझ्ने इरादा थियो ! ❖

-वृन्दावन, भारत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गीता तृतीय अध्याय

कर्मयोग

-आचार्य खेमराज केशवशरण

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ।९।

अन्मयः यज्ञार्थात् कर्मणः अन्यत्र अयं लोकः कर्मवन्धन । हे कौन्तेय मुक्तसङ्ग तदर्थ कर्म समाचर ।

सरलार्थः भगवत्सेवारूप यज्ञको निमित्त बाहेक अरू किसिमले कर्म गर्दा यो सम्पूर्ण संसार कर्मवन्धनमा जेलिन पुग्दछ । हे कुन्तीपुत्र अर्जुन ! तिमी अनासक्त भएर यज्ञको निमित्त कर्म गर ।

भावविशारदाः भगवत्सेवाको भावनाले गर्न सके, अनासक्त बनेर गर्न सके सबै कर्तव्य कर्म यज्ञका रूपमा परिणत हुन्छन् । आफ्नो निमित्त भन्ने भावले आसक्तिपूर्ण स्थितिले गरिएको कर्म बन्धनकारी बन्दछ ।

यज्ञ शब्दले जगत्पालक भगवान् विष्णुलाई बताउने कुरा वेदले निर्देश गरेको छ । यज्ञो वै विष्णु । प्राणीमात्रका पिता, पालक, मुक्तिदाता भगवान् विष्णु हुनुहुन्छ । आफ्ना जीवनदाता भगवान् श्रीहरिप्रति कृतज्ञ भाव राखी उहाँकै प्रीतिको निमित्त अनासक्त मनले कर्म गर्ने प्रेरणा यहाँ दिइएको छ । यसरी गरिने कर्म यज्ञार्थ कर्म बन्दछ । यसरी यज्ञार्थ कर्म गर्नाले बन्धनमा पर्नुपर्दैन ।

सम्पूर्ण सृष्टि परमात्माको हो । समस्त प्राणीका जीवनदाता, इन्द्रियसञ्चालक, भगवान् विश्वम्भर हरि हुनुहुन्छ । त्यसैले उहाँलाई हृषीकेष भनिन्छ । इन्द्रियका स्वामी र सञ्चालक भएका हुनाले नै उहाँलाई हृषीक (इन्द्रिय) का ईश (स्वामी) हृषीकेश भनिएको हो । उहाँको कृपाबाट नै विश्वका प्राणीमात्रको जीवन सञ्चालन हुन्छ । त्यसैले उहाँप्रति कृतज्ञ बनेर उहाँकै प्रीतिका निमित्त कर्म गर्नु उऋण बन्ने उत्तम उपाय हो । उऋण बन्नेले नै मुक्त बन्ने हक प्राप्त गर्दछ । परमात्माप्रति भक्तिभाव नराखी अनासक्त नबनी कर्म गर्दा यो संसार, यो मानवसमुदाय सधैं भवबन्धनमा बाँधिन्छ । त्यसैले भगवत्सेवाको भावनाले अनासक्त बनेर कर्म गर्ने प्रेरणा भगवान् दिंदै हुनुहुन्छ ।

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ।१०।

अन्मयः सहयज्ञाः प्रजाः सृष्ट्वा प्रजापति, पुरा उवाच अनेन प्रसविष्यध्वम व एषः इष्टाकामधुक् अस्तु ।

सरलार्थः सृष्टिको आदिमा यज्ञ सँगसँगै प्रजाहरूको सृष्टि गरेर सृष्टिकर्ता प्रजापतिले भनेका थिए- हे प्रजाजन हो ! तिमीहरू यज्ञद्वारा अघि बढ्दै जाओ । यो तिमीहरूका निम्ति चिताएको कुरा पूरा गरिदिने बनोस् ।

भावविशारदाः यो सृष्टि स्वयं नै यज्ञरूप छ । सृष्टिका सम्पूर्ण पदार्थहरू यसका स्वामी यज्ञ पुरूष भगवान् श्रीहरिको सेवाका लागि सृष्टि गरिएका हुन् । यी सबै यज्ञका अभिन्न अङ्गका रूपमा स्वयं पनि यज्ञरूप छन् । सृष्टिको शुभारम्भ पौरूष यज्ञका रूपमा भएको छ । यज्ञरूप पदार्थहरूद्वारा यज्ञपुरूष भगवान्को (देवताहरूको) अर्चना गरेको र त्यही नै धर्मको पहिलो रूप रहेको कुरा पुरूषसूक्तमा यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथमान्यासन् भनेर व्यक्त गरिएको छ ।

स्वधर्मको पालन गर्दै संयम, सदाचार रही अनासक्त मनले गरिएका कर्महरू यज्ञरूप हुन्छन् । त्यस्ता यज्ञरूप शुभ कर्महरूद्वारा सृष्टिका स्वामी यज्ञपुरूष भगवान् श्रीहरिको आराधना गर्नु नै मनुष्य जीवनको मूल लक्ष्य हो । त्यसैले सृष्टि रचयिता प्रजापतिले देवता, दानव र मानव तीनै थरि प्रज्ञाहरूलाई आ-आफ्नो प्रकृति र स्वभावलाई दृष्टिगत गरी 'ददृद' भनेर मानवहरूलाई दानरूप यज्ञ, देवताहरूलाई संयम रूप यज्ञ र दानवहरूलाई दयारूपी यज्ञको अनुष्ठान गर्ने प्रेरणा दिइएको कुरा उपनिषद्मा उल्लेख भएको पाइन्छ ।

आफ्ना अंशीका रूपमा जगत्का स्वामी सर्वेश्वर भगवान् श्रीहरिको उपासना गर्नु उहाँको प्रसन्नताको निमित्त अनासक्त भावनाले कर्म गर्नु अंशरूप जीवमात्रको मूल धर्म हो, स्वधर्म हो र यही नै यज्ञ हो । यसको जसले परिपालन गर्दछन् तिनको सधैं उन्नति हुन्छ, चिताएको पुग्दछ र उनीहरूको जीवन सफल हुन्छ । यस कुरामा दृष्टि पुऱ्याई जसले सम्पूर्ण जीवनलाई यज्ञमय बनाउन सक्यो ऊ धन्य बन्दछ । प्रजापतिले बताएको यही कुरा यहाँ भगवान्ले भन्नुभएको छ ।क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

कातिक महिनाका पर्व तथा विदा

१ गते पूर्णिमा व्रत/कार्तिक स्नान/आकाशदीपदान आरम्भ
८ गते गोरखकाली पूजा/संयुक्त राष्ट्रसंघ दिवस
९ गते राधाष्टमी व्रत
१२ गते रमा एकादशी व्रत
१३ गते धन त्रयोदशी व्रत (धन्तेरस)/प्रदोष व्रत
१४ गते काग तिहार/धनवन्तरी जयन्ती
१५ गते लक्ष्मी पूजा/महाकवी लक्ष्मीप्रसाद देवकोटाको जन्म जयन्ती/कुकुर तिहार/नरक चतुर्दशी/सुखरात्री
१६ गते तिहार बिदा
१७ गते गोवर्धन पूजा/गाईगोरू पूजा/म्हपूजा/हलि तिहार/नेपाल सम्वत ११४५ प्रारम्भ
१८ गते भाइटीका/किजा पूजा
१९ गते तिहार बिदा
२० गते मंगलचौथी व्रत
२२ गते छठ पर्व
२४ गते गोरखकाली पूजा/गोपाष्टमी
२५ गते कुष्मान्ड नवमी व्रत/महागुरू फाल्गुनन्द जयन्ती (किराँत धर्मावलम्बीहरूलाई मात्र)
२७ गते हरिबोधिनी एकादशी व्रत (तुलसी बिवाह)
२८ गते प्रदोष व्रत
२९ गते बैकुण्ठ चतुर्दशी व्रत
३० गते पूर्णिमा व्रत ।

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिंतीको ब्राह्मसमाजमा

-श्री महेन्द्रनाथ गुप्त श्री 'म'

श्रीरामकृष्ण समाधि अवस्थामा

ब्राह्मभक्तहरू सिंतीको ब्राह्मसमाजमा सम्मिलित भए । आज कालीपूजाको दोस्रो दिन, कात्तिक शुक्ल प्रतिपदा, १९अक्टोबर १८८४ । अब समाजको शरद् महोत्सव शुरू भएको छ । श्रीयुत वेणीमाधव पालको मनोहर उद्यानवाटिका गृहमा ब्राह्मसमाजको यो अधिवेशन भयो ।

प्रातःकालको उपासना भइसकेको छ । श्रीरामकृष्ण दिनको चार बजेपछि आउनुभयो । उहाँको गाडी बगैंचा कम्पाउन्डभित्र ल्याइयो । साथै दलका दल भक्तगणहरू उहाँलाई चारैतर्फबाट घेर्न लागे ।

उता कोठाभित्र समाजको वेदी बनाइएको छ । अगाडि हल (दलान) छ । त्यही दलानमा श्रीरामकृष्ण बस्नुभयो । चारैतर्फबाट भक्तहरूले उहाँलाई घेरेर बसे । विजय, त्रैलोक्य त्यस्तै अरू पनि घेरै ब्राह्मभक्त उपस्थित छन् । तिनैमध्ये एकजना ब्राह्मसमाजी सब जज पनि छन् ।

महोत्सवका कारण समाजगृहको शोभा अपूर्व भइरहेको छ । अनेक प्रकारका रङ्गबिरङ्गी ध्वजापताकाहरू हावामा लहराइरहेछन् । कहींकहीं झ्यालहरूमा फूलपातीहरूको झालर लागेका छन् ।

अगाडिको स्वच्छ सलिल तलाउमा शरद्को नील नभमण्डलको प्रतिबिम्ब पर्दा अत्यन्त सुन्दर रूप धारण गरेको छ । बगैंचाका लाल-इँटा छापेका बाटोहरूको दुवैतर्फ भाँती-भाँतीका फूलहरू र टन्न वृक्षहरूले सौन्दर्य बढाइरहेका छन् ।

आज श्रीरामकृष्णका श्रीमुखबाट निस्कने त्यही वेदवाणी, वेदध्वनि फेरि सुन्न पाइनेछ, त्यही ध्वनि जो एक समय आर्य ऋषि-महर्षिहरूको श्रीमुखबाट निस्केका थियो । त्यही ध्वनि जो नररूपधारी परम संन्यासी ब्रह्मगत-प्राण परजीव-दुःख-काँतर, भक्तवत्सल, प्रेमविह्वल ईशाको श्रीमुखबाट आफ्ना बाह्रजना शिष्यहरूले ती मत्स्यजीवीहरूले सुनेका थिए । त्यही ध्वनि जो पुण्यक्षेत्रमा सारथि वेशधारी मानवाकार सच्चिदानन्द गुरू भगवान् श्रीकृष्णका श्रीमुखबाट श्रीमद्भगवद्गीताका रूपमा एक समय निस्किएको थियो, अनि मेघ गम्भीर ध्वनिमा विनय-नम्र, व्याकुल, गुडाकेश अर्जुनले श्रवणद्वारा यस कथामृतलाई पिएका थिए-

कविं पुराणमनुशासितारम् अणोरणीयांसमनुस्मरेद्यः ।
सर्वस्य धातारमचिन्त्यरूपमादित्यवर्णं तमसः परस्तात् ॥
प्रयाणकाले मनसाचलेन भक्तया युक्तो योगबलेन चैव ।
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक् स तं परं पुरुषमुपैति दिव्यम् ॥
यदक्षरं वेदविदो वदन्ति विशन्ति यद्यतयो वीतरागाः ।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते पदं संग्रहेण प्रवक्ष्ये ॥
(गीता अ. ८, श्लोक ९, १०, ११)

श्रीरामकृष्णले आशनग्रहण गरेर ब्राह्मसमाजको सुरचित वेदीतर्फ दृष्टिपात गर्नेबित्तिकै शिर झुकाएर प्रणाम गर्नुभयो । वेदीबाट ईश्वरी चर्चा हुन्छ, यसैले श्रीरामकृष्ण यसलाई साक्षात् पुण्यक्षेत्र देख्नुहुन्छ । जहाँ अच्युत-प्रसङ्ग हुन्छ, त्यहाँ सबै तीर्थहरूको समागम भएको हुन्छ भन्ने ठान्नुहुन्छ । अदालत भवन देखेपछि मुद्दा-मामिला सम्झिनुहुन्छ, जजमाथि ध्यान जान्छ । त्यसै गरी यस ईश्वरीय चर्चा स्थान देखेर श्रीरामकृष्णलाई ईश्वरको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उद्दीपना भएको छ ।

श्रीयुत त्रैलोक्य आफ्नो सुमधुर भजनले भक्तहरूलाई आल्हादित पारिरहेछन् । श्रीरामकृष्णले भन्नुभयो, "अँ, तिमीले गाएको त्यो गीत- 'माता मलाई पागल गरिदेऊ' असाध्यै राम्रो लाग्छ । त्यही गीत गाइदेऊ त ।'

त्रैलोक्य गाइरहेछन्- माता, मलाई तिम्रो प्रेममा पागल गरिदेऊ । अब ज्ञान र विचारको केही आवश्यकता छैन । तिम्रो प्रेमसुरा पिउनासाथ यस्तो बनाइदेऊ कि म बिलकुलै मतवाला हुन जाऊँ । भक्तको चित्त हरण गर्ने भएकी हे माता, मलाई तिम्रो प्रेमसागरमा डुबाइदेऊ । तिम्रा यी पागलहरूको जमघटमा कोही हाँस्छ, कोही रून्छ, कोही त आनन्दको मारे नाच्छ, प्रेमको आवेशमा कति ईशा, मुसा र चैतन्यहरू अचेतन भएका छन् । यिनीहरूसँग मिलेर म कहिले धन्य हुँला ? स्वर्गमा पनि पागलहरूको जमघट छ । जस्ता त्यहाँ गुरू छन्, चेलाहरू पनि त्यस्तै छन्, यस प्रेमक्रीडालाई बुझ्नै कसले सक्छ ? तिमी पनि ता प्रेममा पागल भइरहेकी छ्यौ, पागल मात्रै होइन, पागलहरूभन्दा बढी पागल । माता यस कङ्गाल प्रेमदासलाई पनि प्रेमको धनी गराइदेऊ ।"

गाना सुन्नासाथै श्रीरामकृष्णको भाव परिवर्तित भयो, बिलकुलै समाधि लीन हुनुभयो । कर्मेन्द्रिय, ज्ञानेन्द्रिय, मन, बुद्धि, अहङ्कार सब मानौं भेटिएको छ । चित्रस्थ मूर्ति जस्तै देह दृष्टिगोचर भइरहेछ ।

एक दिन भगवान् श्रीकृष्णको यही अवस्था देखेर युधिष्ठिर आदि पाण्डवहरू रोएका थिए । आर्यकुल- गौरव भीष्मदेव शरशय्यामा पर्दा आफ्नो अन्तिम अवस्था जानेर ईश्वरको ध्यानमा मग्न थिए । त्यसबखत कुरुक्षेत्रको लडाइँ सकिएको झैं भएको थियो । त्यसैले ती रूने दिन थिए । श्रीकृष्णको त्यस समाधि अवस्थालाई नबुझेर पाण्डव रोएका थिए । ठानेका थिए, उहाँले देह छोडिदिनुभयो ।

हरिकथा-प्रसङ्ग । ब्राह्म-समाजमा निराकारवाद

केही बेरपछि श्रीरामकृष्णको केही प्राकृत अवस्था भयो । त्यसै अवस्थामा उहाँ भक्तहरूलाई उपदेश दिन लाग्नुभयो । त्यसबखत पनि ईश्वरी भावको उहाँमा यस्तो आवेश रहिरहेको थियो कि उहाँको बातचितबाट लाग्थ्यो, कोही नशामा बोलिरहेछ । अब बिस्तारै भाव घट्दै गइरहेछ । श्रीरामकृष्ण (भावस्थ)- आमा मलाई कारूणानन्द (शराब) चाहिँदैन, म सिद्धिलाई पिउनेछु ।

"सिद्धि अर्थात् वस्तु (ईश्वर)को प्राप्ति । त्यो अष्टसिद्धिमध्येको सिद्धि होइन, त्यसका लागि त श्रीकृष्णले अर्जुनलाई भन्नुभएको छ भाइ, यदि कहीँ कसैसँग अष्टसिद्धिहरूमध्ये एउटा मात्रै छ भने पनि बुझ कि त्यो मानिसले मलाई पाउन सक्दैन, किनकि सिद्धि रहँदा अहङ्कार पनि रहनेछ, अनि अहङ्कार लेस मात्र पनि रहँदा कसैले ईश्वर प्राप्त गर्न सक्दैन ।"

"एक प्रकारको मतअनुसार चार किसिमका भक्त हुन्छन्- प्रवर्तक, साधक, सिद्ध, सिद्धका पनि सिद्ध । जसले ईश्वर आराधनामा भर्खर-भर्खर मन लगाएको छ, ऊ प्रवर्तकहरूमध्ये हो । प्रवर्तक तिलक लगाउँछन्, माला लगाउँछन्, बाहिर बडो आचार देखाउँछन् । साधक अलि अघि बढेको हुन्छ, उसको देखाउपन निकै नै घटेको हुन्छ । उसलाई ईश्वरप्राप्तिका लागि व्याकुलता हुन्छ । ऊ आन्तरिक भावले ईश्वरलाई पुकार्छ, उहाँको नाम लिन्छ र भित्रैबाट सरल भावले प्रार्थना गर्छ । सिद्ध त्यो हो, जसलाई निश्चयात्मक बुद्धि आएको छ, जसले ईश्वर छन् र उहाँ नै सब कुरा गरिरहनुभएको छ भन्ने कुरा देखेको छ, जानेको छ । सिद्धका सिद्ध ऊ हो, जसले उहाँसँग कुराकानी नै गरेको छ, खालि दर्शन मात्रै होइन । तिनैमध्ये कसैले पिताको भावले, कसैले वात्सल्य भावले, कसैले मधुरभावले उहाँसँग आलाप पनि, कुराकानी पनि गरेका छन् ।"

"दाउरामा आगो अवश्यै छ भन्ने विश्वास राख्नु एउटा कुरा हो । तर दाउरा बाली रोटी पकाउनु, खानु, शान्ति एवम् तृप्ति पाउनु, अर्कै कुरा हो । यी दुईमा फरक छ एकदम ।"

"ईश्वरीय अवस्थाहरूको सीमा तोक्न सकिन्न । यदि तिमी एउटा अवस्था अनुभव गर्छौ भने त्योभन्दा अझै अर्को हुन्छ अनि अझै अर्को । एकभन्दा एक बढी अवस्था हुन्छन् । (भावस्थ भएर) यिनीहरू ब्रह्मज्ञानी हुन्, निराकारवादी हुन्, यो राम्रो हो ।"

"(ब्राह्मभक्तहरूसँग) एउटामा दृढ रहू या त साकारमा या निराकारमा । तब ईश्वर प्राप्त हुन्छ अन्यथा हुन्न । दृढ भएपछि साकारवादी पनि ईश्वरलाई पाउनेछन् अनि निराकारवादीले पनि ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिश्रीको डल्लो सीधा खाऊ वा बाङ्गो पारेर खाऊ, जरूरै मीठो लाग्नेछ ।" (सबै हाँस्छन्) "परन्तु दृढ हुनुपर्नेछ, व्याकुल भएर उहाँलाई पुकार्नुपर्नेछ ।"

"विषयी मानिसहरूको ईश्वर विश्वास उसै प्रकारको हो, जसरी घरमा आइमाईहरू झगडा गर्दा 'भगवान्‌को कसम खान्छु' भनेको सुनेर खेल्दाखेरि केटाकेटीहरू पनि भन्छन्, 'भगवान् कसम ।' अनि यो जस्तो पनि कि कोही सौखिन बाबुसाहेब पान चबाउँदै हातमा छडी लिएर बगैंचामा टहलिँदै एउटा फूल टिपेर मित्रसँग भन्छ, ईश्वरले कस्तो ब्युटिफुल (सुन्दर) फूल बनाएका छन्, हगि ! विषयी मनुष्यहरूको यो भाव क्षणिक हुन्छ, जसरी तातेको फलामको तावामा पानीको छिटा पर्दाखेरि हुन्छ ।"

"एउटामा दृढता राख्नुपर्छ । डुबुल्की नलगाइदै त समुद्रभित्रको रत्न पाइँदैन ।"

"यति भनेर श्रीरामकृष्ण जुन गानां गाई केशव आदि भक्तहरूको मन मोहित पार्नुहुन्थ्यो, त्यही गाना उही मधुरकण्ठले गाउन लाग्नुभयो- अनि सबैको हृदयमा एक अत्यन्त पवित्र स्वर्गीय आनन्दको धारा वहन लाग्यो । गानाको भाव यस्तो छ- "ए मेरो मन ! रूपको समुद्रमा तँ डुबी जा । तलातल र पातालसम्म त यदि खोजी गर्दै रहिस् भने त्यो प्रेमरत्न तँलाई अवश्य नै प्राप्त हुनेछ ।"

क्रमशः

अनुवादकः प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रोतः श्रीरामकृष्ण वचनामृत

श्रीरामकृष्णवचनसुधा
नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला-



श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मो. ९८६२५९६५७२

हार्दिक शुभकामना

स्वामी विनोद क्षेत्री महाराजज्यूले प्रदान गर्नुभएको सत्यज्ञान, सत्यधर्म, प्रेम, अहिंसा, शान्ति, स्वावंलम्वन र आदरवाद चरित्र आफ्नो जीवनमा सदुपयोग गर्न दीपावली, छट पर्वको उपलक्ष्यमा सबै धर्मात्माहरूलाई प्रेरणा मिलोस् !

श्री १००८ महामण्डलेश्वर स्वामी विनोदानन्द महाराज

संस्थापक अध्यक्ष,

विश्व हिन्दु एकता परिषद्, धर्मश्री आश्रम

रत्नमार्ग, पकनाजोल, काठमाडौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोक्ष चिन्तन ! धर्म चिन्तन ! लक्ष्य चिन्तन !

- डा चिन्तामणिनाथ योगी

हाम्रो यात्रा अनन्त छ, साँच्चिकै अनन्त छ । यो अनन्त यात्रामा एकदमै असीम आनन्दका साथ अनन्त भावका साथ हिंडिराख्ने हो । यो यात्रा नै मुक्ति हो । यो यात्रामा हिंड्दै जाँदा कति अहंकार बाँकी रहला ? कति स्वार्थ बाँकी रहला ? कुनै संस्थाको बढी माया होला ? कुनै ठाउँको बढी माया होला ? कुनै व्यक्तिविशेषसँग, वस्तुविशेषसँग, संस्थाविशेषसँग, कार्यविशेषसँग केही न केही मोह पनि होला ? त्यो सब मोह पनि त क्रमशः छुट्नु पर्‍यो । ज्ञानादेव क्रमशः ज्योतिर्गमय हुँदै जानुपर्यो । त्यो सबै छुटे पछि यात्रामा हिंड्दै जाँदा कतै कुनै संकोच रहेन, आसक्ति रहेन, नकारात्मकता रहेन, अहंकार रहेन भने जीवनमै मोक्ष भैहाल्यो नि । मोह र मोक्ष बीच दूरी पनि के पो छ र ? सबै उही आफ्नै मनकै खेल त हो नि । मनले नै मोह छ, संसार छ र फेरि उही मनले नै मोक्ष छ, ईश्वर छ ।

यात्रा नै मुक्ति हो । तर यस्तो चेतना यात्रा जुन अनन्त होस्, जुन यात्राको कुनै मन्जिल पनि नहोस् । यात्रा आफैमा मन्जिल होस् । यात्रा आफैमा साधन र साध्य होस् । यात्रा आफैमा मार्ग र लक्ष्य पनि होस् । बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते' स्वतः सिद्ध होस् ।

मुक्तिकै सम्बन्धमा अझ गम्भीर चिन्तन गर्दै जाँदा हाम्रा ऋषिहरूका सुन्दर उपदेशलाई जति जति अनुशरण गरिन्छ उति उति नै लाभ हुन्छ । स्पष्ट रूपमा भनिएकै छ- विषयान् विषवत् त्यज, अर्थात् विषयहरूलाई विष समान सम्झेर त्याग गर । यहाँ कति सुन्दर विश्लेषण गरिएको छ भने, विषयहरूलाई त्याग गर भनेको छ; व्यक्तिविशेषलाई त्याग गर भनिएको छैन । समाजलाई, राष्ट्रलाई, विश्वलाई पनि त्याग गर भनेको छैन । कुनै दायित्व, कर्तव्यलाई त्याग गर पनि भनेको छैन, तर विषयवासनालाई त्याग गर भनेको छ । जति जति विषयवासना बढ्छ जीवन उति नै विषमय बन्छ । किनकि जति जति विषयवस्तुप्रति आसक्ति बढ्छ त्यही आसक्तिबाट क्रमशः आक्रोश बढ्छ र त्यही आक्रोशबाट क्रमशः अहंकार बढ्छ र अनि त्यही अहंकारबाट क्रमशः मानिसको सम्पूर्ण जीवन नष्ट हुन्छ ।

यहाँ विचित्रको कुरा के छ भने, विषय वासनालाई त्याग गर्ने जुन ऋषिहरूको उपदेश हो, आदेश हो, त्यसलाई सही तारीकाले बुझ्न नसकेर वा बुझ्न नचाहेर आफ्नो कर्तव्य र दायित्वलाई त्याग गर्नेहरूको संख्या समाजमा आजभोलि बढ्दै गएको देखिन्छ । त्याग न त वस्तुको हो, न कुनै कर्तव्यको हो, न कुनै व्यक्तिको हो, न कुनै घर परिवारको हो ।

त्याग मूलतः वासनाको हो, विषयवासनाको हो, स्वार्थको हो, व्यक्तिवादको हो, अहंकारको हो, अनन्त, अतृप्त, इच्छा र कामनाहरूको हो । त्यसकारण मुक्तिका नाममा घर परिवार छाडेर, सामाजिक दायित्व छाडेर, विश्ववकल्याणका पवित्र संकल्प सेवा छाडेर होइन । केवल भजनको नाममा वा केवल ध्यानको नाममा वा केवल पहेंलो लुगा लगाएर कतै कुनै परिवर्तन हुँदैन है, कतै कुनै प्राप्ति हुँदैन है भन्ने बारेमा हामी स्पष्ट हुन सक्नुपर्छ । यसरी स्पष्ट हुन सकेनौं भने मुक्तिको नाममा हामी आफू पनि अन्धकारको दलदलमा फस्छौं र अरूलाई पनि अन्धकारको दलदलमा फस्न प्रेरित गर्छौं ।

राजर्षि जनक र ऋषि अष्टावक्रको जुन सुन्दर संवाद अष्टावक्र गीतामा छ त्यो विश्वको एक अनुपम संवाद हो । बीस अध्यायमा बाँडिएको यस सानो ग्रन्थमा हाम्रै नेपालका राजर्षि जनक प्रश्न गर्छन् भने आठ ठाउँबाट बाङ्गो शरीर भएका ऋषि अष्टावक्र उत्तर दिन्छन् । ज्ञानको साधनामा वा ब्रह्मको साधनामा समर्पित हुन चाहने जिज्ञासु श्रद्धालुका लागि यो अष्टावक्र गीता अत्यन्तै मननीय ग्रन्थ हो । पहिलो अध्यायकै पहिलो श्लोकमा राजर्षि जनक श्रद्धावान भई ऋषि अष्टावक्रलाई प्रश्न गर्छन्-

कथं ज्ञानमवाप्नोति, कथं मुक्तिर्भविष्यति ।
वैराग्यं च कथं प्राप्तं, एतत् ब्रुहि मम प्रभो ॥

यहाँ तीन ओटा प्रश्न छन्; ज्ञान कसरी प्राप्त हुन्छ ?

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्ति कसरी हुन्छ र वैराग्य कसरी प्राप्त हुन्छ ? यी तीन ओटा प्रश्न अलग अलग भएता पनि यी तीनै प्रश्न अत्यन्तै महत्त्वपूर्ण र अन्योन्याश्रित छन् । यी तीन मध्येमा एउटा पनि हटाइदियौं भने यसले पूर्णता प्राप्त गर्दैन । ज्ञानले मुक्ति दिन्छ र वैराग्यले मुक्ति दिन्छ, एउटा व्याख्या यस्तो हुन्छ । अर्को व्याख्या ज्ञानद्वारा वैराग्य हुन्छ, वैराग्यद्वारा, ज्ञानद्वारा मुक्ति हुन्छ । अर्को व्याख्या ज्ञानको रूपान्तरण मुक्तिमा हुन्छ, वैराग्यको रूपान्तरण मुक्तिमा हुन्छ ।

मुक्ति भनेकै मात्र रूपान्तरण हो । तनमै रहेर चेतनको बोध हो । शरीरमै रहेर शरीरीको बोध हो । देहमा रहेर देहीको बोध हो भन्ने कुरा हामी स्पष्ट हुन सक्नु पर्छ । नबुझ्नेहरू र बुझ्न नचाहनेहरू ज्ञानको नाममा मात्र शास्त्र पल्टाइरहेका छन्; रातदिन शास्त्रीय तर्क वितर्क र रटानमा छन् भने कोही वैराग्यको नाममा दाढी पालिरहेका छन्; मात्र पीत वस्त्र धारण गरिरहेका छन् । भित्रैबाट ज्ञान-ध्यान पाकेको छैन भने पहेंलो रङ्गले रंगाएर मात्र के पो हुन्छ र ? भित्रैबाट प्रकाश खुलेको छैन भने बाहिरबाट आँखा मात्रै चिम्लेर के पो हुन्छ र ? वैराग्य भनेको छाड्नु हो कि जाग्नु हो ? वैराग्य भनेको कुनै कुरालाई, कुनै व्यक्तिलाई वा कुनै दायित्वलाई पन्छाएर भाग्नु हो ? वा समग्रमा जाग्नु हो ?

गीताको चौथो अध्याय ज्ञानकर्मसंन्यासयोग हो भने पाँचौं अध्याय कर्मसंन्यासयोग हो । यसले पनि ज्ञान, कर्म, संन्यास, योग आदि सबै एक अर्काका परिपूरक विचारधारा हुन्, परिपूर्णताका आधार हुन् भनी स्पष्ट सङ्केत गरेको छ । उछिट्टिने, पन्छिने वा अलग्गिने खालका कुविचारहरू व्यक्ति, समाज र समग्र मानवकै लागि घातक हुन् भनी स्पष्टतः भनिएकै छ । योगात्मक रूपले अघि बढ्न सकिएन भने त अन्त्यमा वियोग मात्रै हात लाग्छ ।

वैराग्य भनेको त मूलतः राग नहुनु मात्र हैन अपितु विशेष रूपले राग हुनु पनि हो । राग नहुनु वैराग्य हो भन्ने अर्थ लगाउँदा कता कता नकारात्मक सन्देश बढी प्रवाहित भएको लाग्छ भने विशेष रूपले राग हुनु नै वैराग्य हो भन्दा सकारात्मक सन्देश प्रवाहित भएको देखिन्छ । त्यसो भए विशेष रूपले राग कता हुन्छ ? के मा हुन्छ ? भन्दा जीवनप्रतिको, जीवनी शक्तिप्रतिको, जीवन तत्त्वप्रतिको, अस्तित्वप्रतिको, चेतनाप्रतिको, परा चेतनाप्रतिको, परा शक्ति, परमात्मा परमेश्वरप्रतिको जुन विशेष राग हो त्यही नै वैराग्य हो भन्ने बुझ्न बुझाउन सक्यौं भने यो यात्रा झन् बढी सकारात्मक र श्रद्धावान् हुन्छ ।

हाम्रो सनातन हिन्दु संस्कृतिमा मोक्षलाई जीवनको अनिवार्य अङ्गसँग जोडिएको छ । चार आश्रम भनी स्पष्ट व्याख्या गरिएको छ- ब्रह्मचर्य आश्रम, गृहस्थ आश्रम, वानप्रस्थ आश्रम र संन्यास आश्रम । संन्यास आश्रम भनेकै मोक्ष आश्रम हो । संन्यास र मोक्ष शब्दका हिसाबले भिन्न छन् तर तत्त्वतः अभिन्न नै छन् । गीताको १८औं अध्यायको नाम नै मोक्षसंन्यासयोग हो । मोक्ष जीवनको पूर्णता हो, जीवनको उत्तरावस्था हो, आनन्द अवस्था हो ।

यसै गरी हाम्रो सनातन दर्शनमा चार पुरूषार्थ- धर्म, अर्थ, काम, मोक्ष- को ज्यादै नै महत्त्व छ । चार पुरूषार्थ धर्म, अर्थ, काम र मोक्ष मध्ये मोक्षलाई पुरूषार्थमै राखिएको हुनाले यो त जीवनको एक प्रकारले अनिवार्य दायित्व, विशिष्ट उद्देश्य वा लक्ष्य नै हुन पुग्यो । तर यो मोक्षका लागि पनि धर्मको अति आवश्यकता छ; अर्थात् नैतिकताको, आर्थिक सदाचारको- आचारः परमो धर्मः अर्थात् जीवनका मूल्यमान्यताहरूको तथा हाम्रा धार्मिक आचरणहरूको- सत्यं वद धर्मं चर स्वाध्यायान्मा प्रमद मातृदेवो भव पितृदेवो भव आचार्यदेवो भव आदि । अनि यसरी धर्मको जग बनाएर धर्मकै समग्रमा परिपालन गरेर जुन अर्थोपार्जन गरिन्छ, त्यो अर्थोपार्जन परिवारकल्याण सहित समग्र विश्वकल्याणको आधार बन्छ । त्यो अर्थोपार्जन- आत्मनो हिताय जगत् हिताय च को एक बलियो आधार बन्छ । अनि यसरी नै धर्मपूर्वक, सदाचारपूर्वक कामोपभोग गऱ्यौं भने त्यो कामोपभोग पनि सृष्टिपरम्पराको, वंशपरम्पराको एक सशक्त आधार बन्छ ।

सृष्टिपरम्परा पनि चाहियो, सन्तानपरम्परा पनि चाहियो त्यसका लागि काम पनि चाहियो तर कस्तो काम ? जहाँ रामको मर्यादा पनि छ । कस्तो काम ? जहाँ धर्मको प्रकाश पनि छ । कस्तो काम ? जहाँ शरीरको सुख भन्दा पनि परिवारको, समाजप्रतिको, विश्वप्रतिको कल्याण भाव पनि छ । यसरी धर्म अर्थ कामको परिशीलन गर्दै गएपछि त्यसैमा परिपूर्णता प्राप्त गर्दै गए पछि त एक दिन मोक्ष पनि स्वतः घटित हुन्छ ।

त्यसैले यहाँ अत्यन्तै गम्भीरतापूर्वक प्रश्न गर्न मन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्छ । मोक्ष भनेको कुनै गरिने प्रक्रिया हो ? वा पूर्णता हो ? घटित हुने अवस्था हो ? मोक्ष कुनै पृथक् यात्रा हो ? वा धर्म अर्थ कामकै परिशीलन गर्दै जाँदा स्वतः प्राप्त हुने कुनै विशेष महान् परिवर्तन हो ? मोक्षको प्राप्ति भनेको अर्थोपार्जन छाडिदिने हो ? काम-उपभोग छाडिदिनु हो ? विश्वसँगको सम्बन्ध छाडिदिनु हो ? वा सम्बन्धहरूलाई सही अर्थ र दिशा प्रदान गर्दै आफू स्वयं संयमित बन्दै, सजग बन्दै, समुन्नत बन्दै, श्रद्धावान् बन्दै, समर्पित बन्दै अन्त्यमा रूपान्तरित हुने हो । मोक्षको यही सहज प्रक्रियालाई बुझ्न नसक्दा पनि धेरै मानिसहरू झन् बढी अल्मलिएका छन् कि भनेर प्रश्न पनि गर्न सकिन्छ । गीतामा अर्जुनले- न कांक्षे विजयं कृष्ण न च राज्यं धनानि च भनेर गाण्डीव बिसाएको भए के त्यो मोक्ष हुन्थ्यो र ? सिद्धार्थले अब त ज्ञान प्राप्त गर्न सकिन्न, मुक्ति हुँदैन भनेर शरीर विसर्जित गरिदिएको भए के त्यो मोक्ष वा निर्वाण हुन्थ्यो र ?

अहिले समाजमा अधिकांश व्यक्तिहरू धर्मविमुख तामसी जीवन बिताइरहेका देखिन्छन् भने केही व्यक्तिहरू धर्मको मर्म नबुझ्दा झन् अल्मलिएका पनि छन्; माया मिली न राम भन्ने अवस्थामा पुगेका छन् । झन् त्यसमा पनि केही सीमित व्यक्तिहरू त सत्शास्त्रज्ञानको अभावमा, सत्गुरूको अभावमा, सत्चिन्तन र साधनाको अभावमा तथा सत्संगको अभावमा गहन अन्धकारमा फस्दै गएका छन् तथा आफ्नो परिवार, समाज र विश्वलाई पनि अन्धकारमै धकेलिरहेका छन् ।

तसर्थ असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्मा अमृतं गमय को साधना गरौं; ऋते ज्ञानान्न मुक्तिःलाई बुझौं; सहज रूपले आश्रम व्यवस्थाको परिपालन गर्दै मोक्षरूपी पुरूषार्थ प्राप्त गरौं; हँसिबा खेलिबा धरिबा ध्यानं सहित जीवनलाई सार्थक बनाऔं; सहजै सहजै चलेगा रे अवधु भन्ने आदेशानुसार सहज मोक्ष साधनामा रम्दै जाऔं । ❖

-हिन्दु विद्यापीठ, बालकुमारी, ललितपुर

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व- २०८१ को पावन अवसरमा वडावासी लगायत सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

कुश ढकाल, वडाध्यक्ष एवम्
काठमाडौं महानगरपालिका
वडा नं.- २९ परिवार
डिल्लीबजार, पिपलबोट, काठमाडौं

जन्म, विवाह, बसाइसराई, सम्वन्ध विच्छेद, मृत्युलगायतका व्यक्तिगत घटना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

हार्दिक शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व- २०८१ को पावन अवसरमा वडावासी लगायत सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

दलबहादुर कार्की, वडाध्यक्ष एवम्
काठमाडौं महानगरपालिका वडा नं.- ३०
परिवार
ज्ञानेश्वर, काठमाडौं



जन्म, विवाह, बसाइसराई, सम्वन्ध विच्छेद, मृत्युलगायतका व्यक्तिगत घटना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरक्षा एवम् गो संबर्द्धन

- सहप्रा. डा. विनुबाबा अर्याल

गाईले जीवन र जीविका दुवै दिन्छिन् । गाईको तत्त्वलाई बुझ्नको लागि आध्यात्मिक भावना, निर्मलता, विचारमा गहनता, सूक्ष्मता हुनु अति आवश्यक छ । जब यस्ता भावनाहरू त्यस्ता भक्तहरूमा हुन सक्छ उसले तन, मनबाट गाईलाई भक्ति भावले, आत्मीयताले हेरचाह गर्न सक्छ ।

जसको अन्तःस्करण अतिशय पवित्र हुन्छ, उसले मात्र गोतत्त्वलाई सम्झन सक्छ, बुझ्न सक्छ, उसमा अनुप्राणित हुन सक्छ । अत्यन्त पवित्र भएपछि मात्र गोरक्षा एवं गो-सम्बर्द्धन गर्न सकिन्छ । अब प्रश्न उठ्छ, अत्यन्त पवित्रताको तात्पर्य के हो ? कसरी अत्यन्त पवित्र बन्न सकिन्छ ? यस प्रश्नको उत्तरमा त्रिगुण (सत्व, रज, तम) रहित चित्त र गुणैगुणहरूले सजिएको गुणातीत जो छ, उसैले मात्र गौलाई बुझ्न सक्छ, गो पदार्थको महत्त्वलाई सम्झिन सक्छ ।

गाईको तत्त्वलाई बुझ्नको लागि आध्यात्मिक भावनामा निर्मलता, विचारमा गहनता, सूक्ष्मता हुनु अति आवश्यक छ । जब यस्ता भावनाहरू भक्तमा हुन्छ, तब उसले आफ्नो तनमनबाट गाईलाई भक्तिभावले आत्मीयताले हेरचाह गर्न सक्छ । त्यस्तो भावना त्यस्ता व्यक्तिहरूमा मात्र आउन सक्छ जसको जुन मन, प्राण गोभक्तिमा समर्पित भएको छ । पवित्रताको तात्पर्य हो - त्रिगुण (सत्व, रज, तम) रहित चित्त र बुद्धि गुणातीत होस् । गो पदार्थको महत्त्वलाई बुझेको होस् ।

हाम्रो संस्कृति तथा सभ्यताको विकासमा गाईको महत्त्वपूर्ण भूमिका रहिआएको छ । हाम्रो राष्ट्रियताको प्रतीक गाईलाई संसारकै आदि ग्रन्थ वेदले समेत विश्वकै रूप र पृथ्वीका समस्त प्राणीहरूको आमा मानेको छ । गाई, गङ्गा, गीता र गायत्री यी चार हिन्दु धर्मका आधारस्तम्भ हुन् । हरेक आस्तिक हिन्दुको अन्तिम इच्छा हुन्छ कि उसको मर्ने बेलामा या संसार छोड्ने अन्तिम समयमा गोदान गरियोस्, मुखमा गङ्गाजल होस्, गीताको पाठ होस् र गायत्रीको जप होस् ।

गाईको दुध अमृत हो, गङ्गाजल पवित्र एवम् तारक हो । गीताले निष्काम कर्मद्वारा ब्राह्मी स्थितिसम्म पुऱ्याउँछ । गायत्री मन्त्रले हाम्रो बुद्धिलाई पवित्र एवम् परिष्कृत गरिदिन्छ, विवेकलाई पुष्ट गरिदिन्छ तथा परमात्माको पावन प्रकाशमय प्रेमको ढोका खोलिदिन्छ । अतः गाई, गङ्गा, गीता र गायत्री यी चार हिन्दु संस्कृतिको आधार स्तम्भ हुन्, सनातन धर्मका जग हुन् ।

यी सबै साक्षात् भगवत्स्वरूप नै हुन् । भागवत् सुन्नु, भगवान्को चिन्तन गर्नु, तुलसीको पूजा गर्नु, गाईको सेवा गर्नुमा कुनै भिन्नता छैन ।

"घासं मुष्टिं परं गवे दद्यात् संवत्सरं तु यः ।
अकृत्वा स्वयमाहारं व्रतं तत् सर्व कामिकम् ॥"

अर्थात्, जसले एक वर्षसम्म प्रतिदिन आफूले भोजन लिनुभन्दा अगाडि गाईलाई एक मुठी घाँस खुवाउँछ । यस व्रतले उसको सम्पूर्ण कामनाहरू पूर्ण गर्दछ ।

श्रीमद्भागवत्मा भगवान् श्रीकृष्णले अर्जुनलाई आफ्नो विश्वरूप दर्शन गराउनु भयो । सम्पूर्ण विभूतिहरूसहित चराचर जगत् त्रिभुवन-त्रैलोक्यको सारा देवी देवताहरूको दर्शन अर्जुनले श्रीकृष्णमा पाए । हाम्रो शास्त्रअनुसार हिन्दु धर्ममा तेत्तिस करोड देवी देवताहरू भएको मानिन्छ । यी सबै देवी देवताहरूको निवास गौमातामा हुनुको कारण गौ विश्वरूपा हुन् ।

गावो विश्वस्य मातरः ।
सर्वे देवाःस्थिता देहे सर्वदेवमयी हिगौः ॥

भगवान् श्रीकृष्णको स्वरूप हो - आधिभौतिक, आधिदैविक र आध्यात्मिक । भागवत् र गोमाता दुवै भगवान्का विभूति हुन् । गोमाताको सेवा भगवान् श्रीकृष्णको चरण कमलको प्राप्तिको सोपान हो । श्रीमद्भागवत्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महापुराण ग्रन्थको मुख्य केन्द्रविन्दु नै भगवान् श्रीकृष्ण हो !

भगवान् श्रीकृष्णको प्राकट्यको समयमा श्री वसुदेवले गाईको दानको सङ्कल्प गर्नुभएको थियो । अतः श्रीकृष्णावतारको लीलामा भगवान् श्रीकृष्णले गौ भक्तिमै आफ्नो समयको उपभोग गर्नुभएको थियो । भगवान्को प्यारो भूमि 'व्रज' शब्दको अर्थ नै गोठ हो, यस्तो गोठ जहाँ गोवंश निवास गर्दछन् ।

एकपल्ट पुतनाले श्रीकृष्णलाई छातीमा राखेको थाहा पाएर उहाँलाई गौशालामा लगेर गोमूत्रबाट, गोबरबाट, गोमाताको चरण रज, गोमाताको पुच्छरबाट राक्षस्नीको स्पर्शबाट भएको बिटुलोपनलाई चोख्याउने काम भएको थियो । श्रीकृष्ण जब पाँच वर्ष पूरा भएर ६ वर्षमा लाग्नुभयो तब उहाँले कार्त्तिक शुक्ल अष्टमी जसलाई गोपा अष्टमी भनिन्छ, त्यस दिनदेखि चाई चराउन थाल्नुभएको हो भन्ने भनाइ शास्त्रहरूमा पाइन्छ ।

गाईको पछिपछि लाग्दै गाईलाई चराउन लैजाँदा र दिन ढल्केपछि चराएर फर्काउँदा बाटोमा पर्ने पोखरीमा काली नागले विभिन्न बहानाहरूद्वारा गोहत्या गर्ने भएकोले श्रीकृष्णले काली नागको स्पर्शबाट गाईलाई बचाउनु भयोभने गोवर्धनको पूजाबाट गाईको रक्षा गर्नुभयो ।

भगवान्को जब यज्ञोपवित संस्कार भयो तब उहाँ सान्दिपनि गुरूको आश्रममा पढ्न जानुभयो । त्यहाँ उहाँले गौसेवा गर्नुहुन्थ्यो, जुन कुरा द्वारका लीलामा स्पष्ट वर्णन गरिएको छ कि १३,०८४ गाईहरूको दान प्रतिदिन द्वारकाधीशले गर्नुहुन्थ्यो । सिङलाई सुवर्णले, खुरलाई चाँदीले, पुच्छरलाई मोतीले सिंगारिएका गाईहरू हुन्थे । यति धेरै गोदान नित्य गर्दा स्वयं भगवान्सँग कति गाईहरू हुन्थे होलान् त्यसको अनुमान गर्नै गाह्रो हुन्छ । भगवान्को सम्पूर्ण व्रजलीलामा गौमाताकै प्रधानता थियो । गौसेवा गर्नेलाई गोलोक प्राप्त हुनेछ भन्ने विश्वास छ ।

संस्पृशन् गां नमस्कृत्य कुर्यात् ताञ्च प्रदक्षिणम् ।
प्रदक्षिणीकृता तेन सप्त द्वीपा वसुन्धरा ।
तृणोदकादिसंयुक्तं यः प्रदद्यात् गवाहिनकम् ।
सोऽश्वमेधसमं पुण्यं लभते नात्र शंसयः ।
गवां कण्डूयनं स्नानं गवां दानसमं भवेत् (वृहत्पराशरस्मृति)

अर्थात्, गाईलाई सम्झने, गाईलाई नमस्कार गर्ने, गाईलाई प्रदक्षिणा गर्दा सात द्वीप र सात समुद्र भएकी पृथ्वीको प्रदक्षिणा गरे समान हुन्छ । गाईलाई केवल चारा मात्रै, जल मात्रै, नित्य ग्रास दिंदा मात्र पनि सय अश्वमेघ गरेबाट प्राप्तभएको पुण्य प्राप्त हुन्छ ।

अथर्ववेद सूक्त ६।२७।३ देखि लिएर ६।२८। १-२ सम्म बताइएको छ- 'शिवो गोभ्य उत पुरूपेभ्यो नो अस्तु परीमे गामनेपत

अर्थात्, गौ मनुष्यको लागि मात्र होइन, गौ देवताको लागि पनि कल्याणकारी बनेको छ । गाई चराउने राम्रो घाँस, पानी भएको ठाउँमा चराउँदा गाई सुखी भएभने मात्र हामी मनुष्यलाई पनि बुद्धि प्राप्त भई मनकामना पूर्ण हुन्छ । गौलाई घर होस् या मन्दिर, एकदम नजिक राख्नु । प्रातःकाल ब्रह्म मुहूर्तमा उठेर गाईको दर्शन गरी सबैभन्दा पहिला गाईलाई चारा, गोग्रास दिई गौको अग्रपूजन गरी सम्मान दिनैपर्दछ । गौमाता पूज्य हो । यजुर्वेद (३।२०) मा भनिएको छ, "हे गौमाता तिमी पुज्य हौ, म पनि तिमी जस्तै पूज्यता प्राप्त गर्न सकुँ, महत्त्व प्राप्त होस् ।"

महो वो भक्षीय यूयं महः स्थ पूज्यरूपाः स्था अतो वो युष्माकं पूज्यानां प्रसादात् अहमपि महो भक्षीय पुज्यत्वं सेवेय । पश्य तोकाय शं गवे (यजु ८५ । २०)

आस्तिक र नास्तिकको सन्दर्भमा आस्तिकले गौमाताको महत्त्व बुझ्दछ भने नास्तिकले बुझ्दैन । नास्तिक शब्दको अर्थ- नास्तिको वेदनिन्दकः हो । अर्थात् जसले वेद मान्दैन, उसले गाईलाई मान्दैन । जसको सिद्धान्तमा परलोक छैन, पुनर्जन्म छैन, वेदको महिमा छैन, गाईप्रति विश्वास, निष्ठा र प्रीति छैन, उसलाई नै नास्तिक भनिन्छ । वेदहरूको मूल गाई हो, किनकि हविष्यको आधार पनि गाई हो, मन्त्रको आधार पनि गाई हो ।

गौको लागि सबै प्रकारको शान्ति भयो भने हामीलाई पनि शान्ति प्राप्त हुन्छ । गौको अग्रपूजाद्वारा सम्मान । (गौ अङ्क पृष्ठ १४०)

गावः स्वर्गस्य सोपानं गावः स्वर्गेऽपि पूजिताः ।
गावः कामदुहो देव्यो नान्यत् किञ्चित् परं स्मृतम् ॥

अर्थात्, गाई स्वर्गको सिँढी हो, गाई स्वर्गमा पनि पुजिन्छन्, गाई समस्त कामनाहरू पूर्ण गर्ने देवी हुन्, उनीभन्दा ठूलो दोस्रो अर्को कोही छैन । स्मृतिहरूमा लेखिएको छ कि गाईको स्पर्शबाट सम्पूर्ण पापहरू नष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन् - "स्पृष्टाश्च गावः शागयन्ति पापम् ।"

आज विश्वमा जे-जस्ता समस्याहरू छन् ती सबै समस्याहरूको मूल कारण हो - रजोगुण, तमोगुणको वृद्धि । यिनको वृद्धिको एक मात्र कारण हो- गाईको वध । यसैले जबसम्म गोवध पूर्णरूपमा प्रतिबन्धित हुँदैन, तबसम्म पृथ्वीमा सात्विक वातावरण क़ायम हुन सक्तैन ।

शृंगमूले स्थितो ब्रह्मा शृंगमध्ये तु केशव ।
शृंगाग्रे शङ्करं विद्यात् त्रयो देवा प्रतिष्ठिता ॥

अर्थ- गाईको सिङको मूल (फेद) भागमा ब्रह्मा, बीचमा विष्णु र सिङ्को अगाडि भागमा शङ्करजी गरी तीनै देवता रहनुहुन्छ । (बृहत्पराशर स्मृति) । ब्रह्म सूर्यसमं ज्योतिर्द्यौः समुद्रसंम रसः ।
इन्द्र पृथिव्यै वर्षियान् गोस्तु मात्रा न विद्यते ॥

अर्थ- ब्रह्मको मापन गरेर भनिन्छ, सूर्यजस्तै ज्योति आकाश, समुद्रजस्तै रसले युक्त इन्द्रले पृथिवीका लागि वर्षा गर्दछन् भने गौको कृपा सबैमा (पृथ्वीदेखि ब्रह्म पर्यन्त) रहने हुँदा उहाँको मापन छैन । (यर्जुवेद /२३/४८/)

गोमयादुत्थितः श्रीमान् विल्ववृक्षः शिवप्रियः ।
तत्रास्ते पद्महस्ता श्रीः श्रीवृक्षस्तेन स स्मृतः ॥

शिवको प्रिय बेलको वृक्ष गोमय (गोबर)बाट उत्पन्न भएको हुँदा त्यहाँ नै लक्ष्मीको बास हुने भएको हुँदा त्यसलाई श्रीफल भनिन्छ ।

गोमूत्राद् गुग्गुलोजातः सुगन्धिप्रियदर्शनः ।
घृतादमृतमुत्पन्नं देवानां तृप्तिकारणम् ॥

अर्थ- सुगन्धी र प्रिय देखिने गुग्गुल गोमूत्रबाट उत्पन्न भएको हो । देवताहरूलाई तृप्त पार्ने अमृत पनि गाईको घ्युबाट उत्पन्न हुने गर्दछ । (स्कन्द पुराण) ।

गोमूत्रम् गोमयं क्षीरं दधि सर्पिष्च रोचना ।
षडं परमं पाने दुःस्वप्नाद्यादिवारणम् ॥ (पद्म पुराण) ।

अर्थ- गोमूत्र, गोबर, दूध, दही, घ्यू र रोचना यी ६ अङ्ग पान गर्नाले दुःस्वप्नको फल नाश हुनेछ ।

परगोग्रासदः स्वर्गी गोहितो ब्रह्मलोकभाक् ।
गोदानात् कीर्तनाद्रक्षां कृत्वा चोद्धरते कुलम् ॥

अर्थ- अरूले पालेको गाईलाई गाँस दान गर्दा पनि स्वर्ग पाइन्छ । गाईको हित गर्नाले ब्रह्मलोकको भागीदार भइन्छ । गो-दानबाट गौको गुणगानबाट र रक्षा गर्दा कुलको नै उद्धार हुनेछ । (पद्मपुराण)

पृथिव्यां यानि तीर्थानि आसमुद्रं सरांसि च ।
गवां शृंगोदकस्नान कलां नार्हन्ति,षोडशीम् ॥ (वृहत्पराशरस्मृति)

अर्थ- समुद्रदेखि लिएर पृथ्वीमा भएका जति पनि तीर्थहरू र तलाउहरू छन् तिनीहरूमा गरिएको स्नान गौको सिङबाट बगेको जलले गरिएको स्नानको अगाडि सोह्र कलाको एक पनि हुँदैन ।

गवाभबसथं कृत्वा नगराधिपतिर्भवेत् ।
तथा लवण दानेन सौभाग्यं महदश्नुते ॥
तासामौषधदानेन विरोगत्त्वभिजायते ॥। (विष्णुधर्मोत्तर)

अर्थ- गाईलाई बासको व्यवस्था गर्नेले नगरको अधिपति हुन पाउनेछ । त्यस्तै, नुन दान गर्नाले महान् सौभाग्य आउँदछ । उनीहरूलाई औषधि दिनाले आरोग्यता आउँदछ ।

तासां निश्वासवातेन परं नीराजनं भवेत् ।
तासां संस्पनं पुण्यं दुःस्वप्नादिबिनाशनम् ॥ (विष्णुधर्मोत्तर) .

अर्थ- गाईहरूको निर्भिक श्वासद्वारा नै महान् आरती भइरहेको हुन्छ । स्पर्श गर्नाले पुण्य प्राप्त हुन्छ । यसले दुःस्वप्न निवारण गर्दछ ।

गौरिति पृथिव्या नामधेयम्, आदित्योऽपि गौरुच्यते । (निरूत्त)

अर्थ- गौ शब्द नै पृथ्वीको नाम हो, सूर्यलाई पनि गौ भनिन्छ । अतः गौको आश्रय बिना कोही पनि रहन सक्दैन ।

गोमूत्रे त्रिदिनं स्थाप्य विषं तेन विशुद्धयति । (आयुर्वेद) ।

अर्थ- विषलाई तिन दिन गोमूत्रमा राख्नाले शुद्ध हुन्छ, वा विष नाश हुन्छ ।

यन्त्रणे गोचिकित्सार्थे मृतगर्भविमोचने ।
यत्ने कृते विपत्तिश्चेत् प्रायश्चितं न विद्यते ॥
(आपस्तम्ब १।३१।३२) ।

अर्थ- यन्त्रमा परेकालाई छुटाउनलाई गौको उपचार गर्दामा मृतगर्भलाई निकाल्नमा प्रयास गर्दा आपत्ति आएमा पनि प्रायश्चित रहँदैन । (आपस्तम्ब धर्मसूत्र १।३१।३२)

गोशब्देनोदिता जिह्वा तत्प्रदेशो हि तालुनि ।
गोमांस भक्षणं ततु महापातकनाशनम् ॥ (हठयोगप्रदीप) ।

अर्थ- गो शब्दद्वारा उदित जिब्रो जो छ, उसको प्रवेश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तालुमा भएपछि (अमृत मिल्दछ) यस्तो गोमांस अर्थात तालुस्थानबाट आउने रसामृत भक्षण गरेको खण्डमा महापाप नाश हुन्छ ।

यदि नो गां हंसि यद्यश्वं यदि पुरुषम् ।
तं त्वा सीसेन विध्यामो यथा नोऽसो अबीरहा ॥

अर्थ- यदि कसैले हाम्रो गाई, घोडा, पंक्षी आदिलाई हान्दछन् भने तिनलाई सिसाले हान्नु पर्दछ वा हान्दछु भन्ने यो तात्पर्य हो । (अथर्ववेद- १।१६।४) ।

तुलसीकृत रामायणमा भनिएको छ कि -

जननी जनकर दूध पिलाती केवल साल छ महीनाभर ।
गोमाता पय सुधा पिलाती रक्षा करती जीवन भर ॥

अर्थ- आमाले जन्म दिएर केवल एक वर्ष या छ महिनासम्म दूध पिलाउनु हुन्छ, तर गौमाताले अमृतरूपी दूध त जीवनभरि पिलाएर रक्षा गर्दछिन् ।

रामलक्ष्मणयोः राजन् गोदानं कारयस्व ह ।
पितृकार्य च भद्र ते ततो वैवाहिकं कुरु ॥

(वाल्मीकि रामायण- १।७१।२३) ।

अर्थ- हे राजन् ! राम लक्ष्मणबाट गोदान गराउनु होस्, पितृ कार्य गराएर विवाह कार्य गर्नु भनी गुरूले आज्ञा गरे पछि राम लक्ष्मणले पनि गोदान गर्नुभएको थियो ।

तौ वत्स पालकौ भूत्वा सर्वलोकैक पालकौ ।
सप्रातराशौ गोवत्सांश्चारयन्तौ विचेरतुः ॥ (भागवत १०।१५।१)

अर्थ- सम्पूर्ण लोकका एकमात्र पालक ती परमात्मा श्रीकृष्ण, वलराम बिहानैदेखि गाई, बाछा चराउँदै विचरण गर्नुहुन्छ । अतः गौको महिमा अत्यन्त उच्च रहेको छ ।

गाई धर्मको प्रतीक हो । गाईप्रति कृतज्ञ हुनु नै सनातन धर्म हो । आज जति भयंकर समस्याहरू छन् तिनको मूल कारण हो- रजोगुण र तमोगुणको वृद्धि । सात्विकता कहीँ देखिँदैन । भगवान्ले आफ्नो सृष्टिमा सर्वाधिक सत्वगुणहरू गाईभित्र प्रतिस्थापित गरेका छन् । गाई सात्विकताको आधार एवम् पूज्य हो । यसैले गाईको रक्षाबाट, गाईको सेवाबाट, गाईको भक्तिबाट गव्य पदार्थहरूको सेवनबाट मनुष्यमा सात्विक विचार तथा सात्विकता आउँदछ ।

गाई व्रजभूमि र व्रज विहारी श्रीकृष्णको शोभा हो । गाईको सेवाले श्रीकृष्णलाई प्राप्त गर्ने भाव उत्पन्न गराउँछ । श्रीकृष्णको भावले गाईको सान्निध्यमा रहने आत्मियता बढाउँछ । आदि पुराणमा भगवान् वेदव्यासले भन्नुभएको छ- "श्रीकृष्णः प्राप्यते विप्र नित्यं गोकुल सेवया ।"

पहिलेको समयमा गाईबाट सम्पत्तिको अनुमान हुन्थ्यो । को कति धनी छ भन्ने अनुमान जोसँग जति गाईहरूको संख्या छ, त्यतिनै उसको सम्पतिको नाप हुन्थ्यो । यो पनि सुन्नमा आएको थियो कि विवाह सम्बन्धी कुरा गर्न जाँदा गाईको खुटी (बाँध्ने खाँबो) कतिवटा छन्, गोप्यरूपमा हेर्ने वा हेर्न पठाउने र जति धेरै खुट्टी (गोठमा गाई बाध्ने कीला) भयो ऊ उत्ति नै धनाढ्य भएको मानिने र त्यस्तो घरमा छोरी, चेली दिँदा छोरी र नाति, नातिनाहरू स्वस्थ्य हुने धारणा थियो ।

व्रजमा नन्द बाबाभन्दा धेरै वृषभानु (राधारानीको बुबा) धनी मानिनु हुन्थ्यो । किनकि उहाँसँग नन्द बाबासँगभन्दा दुई लाख बढी गाई थिए । गर्ग संहिता (गोलोक खण्ड) मा गाईको संख्याको आधारमा विभिन्न पदवीहरूले गाई धनीहरू सम्मानित हुन्थे भन्ने वर्णन पाइन्छ -

१. वृषभानु- जसले १० लाख गाईहरू पाल्दछ ।
२. नन्द- जसले ९ लाख गाईहरू पाल्दछ
३. उपनन्द- जसले ५ लाख गाईहरू पाल्दछ ।

गाईको तत्त्वलाई बुझ्न जसरी पवित्र, निर्मल विचारमा गहनता, सूक्ष्मता हुनु आवश्यक छ । जसरी त्यस्तो भावना त्यस्ता व्यक्तिहरूमा आउन सक्छ जसको तन मन प्राण गोभक्तिमा समर्पित भएको छ । पवित्रताको तात्पर्य हो त्रिगुण (सत्व, रज, तम) रहित चित्त र वुद्धि गुणातीत होस् । गो पदार्थको महत्त्वलाइ बुझेको होस् ।

सारांशमा गोसेवा वा गोरक्षा विना विश्वको मङ्गल सम्भव छैन । जुनदिन गाईको रगतको थोपा यस धर्तीमा झर्दैन तब सारा समस्याहरू उन्मूल भएर जान्छ । सारा विश्वको कल्याण हुन्छ । ❖

-बत्तीसपुतली, काठमाडौं
स्रोतः गाई एक विहङ्गम परिचय

भुलसुधारः

यस गौरी मासिकको २०८१ साल असोज महिनामा प्रकाशित दशैं टीकाको साइत अन्यथा पर्न गएकोमा क्षमाप्रार्थी छौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरगङ्गा मालुङ्गा

-वेदप्रसाद पन्त

उत्तरगङ्गा मालुङ्गा एक पुण्यक्षेत्रको रूपमा परिचित छ । यो क्षेत्र गल्याङ न.पा. १ मालुङ्गा र पाल्पा जिल्लाको रम्घा गा.पा. १ असेर्दीको बीचमा पर्दछ । यस स्थानमा कृष्णागण्डकी उत्तरबाहिनी भएकी छन् । गण्डकीको उत्तरी बहाव करिब ३३०० (तीन हजार तीन सय) मिटर रहेको छ । यस्तो दुर्लभ प्राकृतिक क्षेत्र धर्तीमा अन्त पाउन गाह्रो छ ।



मार्कण्डेश्वरलिङ्ग घाट पाल्पा र स्याङ्जा जिल्लाको बिचमा शालग्रामगर्भा चक्रनदी मालुङ्गा गाउँदेखि तल करिब ३३०० मिटर (तीन कि.मि. तीन सय मिटर) उत्तर भएर बगेकी छन् । त्यसैले त उत्तरबाहिनी गङ्गाको पवित्रता र गुणको बारेमा पुराणहरूमा निकै धेरै वर्णन गरेको पाइन्छ । जस्तै गोकर्णेश्वर काठमाडौमा वाग्मतीगङ्गा उत्तरबाहिनी भई बगेकी हुँदा उत्तरगयाको नामले प्रसिद्ध छन् । यस सम्बन्धमा स्कन्दमहापुराण हिमवत्खण्ड परिशिष्ट (क) मा उल्लेख गरिएको छ -

दशगयासमं ज्ञेयं तद्भूभि स्पर्शमात्रतः।
पिण्डदानाच्छतगुणं तत्रचेद् विधिवद्यथा ।
तत्र पिण्ड प्रदानाच्च त्रिसप्तं प्रोद्धरेत्कुलम् ॥ (स्कन्द.अ.१४५/५)

अर्थात् हिन्दुस्थानको गयामा गएर १० पटक पिण्डदान गरेको फल यस उत्तरबाहिनी गङ्गाक्षेत्रको भूमि स्पर्श गरेमात्र प्राप्त हुन्छ । यस क्षेत्रमा आएर सामान्य विधिले पिण्ड दिए सयगुणा बढी फल मिल्छ भने पूर्ण विधिले पिण्ड प्रदान गर्नाले २१ कुलको उद्धार हुन्छ ।

यस्तै वाग्लुङ जिल्लाको ढोरपाटनमा रहेको उत्तरगङ्गाको शिरमा पनि पानीको ठूलो मूल (मुहान) छ । त्यस मूलको पानीमा स्नान गर्नको लागि नजिकै २२ वटा धारा बनाइएको छ । यहाँ ९ महिनासम्म हिउँ जम्ने हुनाले तीर्थयात्रीहरू जान सक्दैनन् । यहाँ ढोरवराहको मन्दिर, सिद्धमन्दिर र बौद्धगुम्बाहरू छन् । वैशाख पूर्णिमादेखि ऋषितर्पणी पूर्णिमासम्म सनातनधर्मी र बौद्धमार्गीहरूले यो प्राकृतिक सौन्दर्यले लोभ्याउने पवित्र स्थानमा तीर्थयात्रा गर्ने गर्छन् । यस उत्तरबाहिनी गङ्गाको शिरमा आएर स्नान, दान, पूजा र पिण्ड तर्पण गर्नाले अक्षयफल मिल्छ भन्ने कुरा स्कन्दपुराणकै हिमवत् खण्डमा उल्लेख छ । अतः उत्तर बाहिनी गङ्गाबाट प्राप्त हुने पुण्यको वर्णन शब्दमा गर्न गाह्रो छ ।

यस्तै भगवान् रामको जन्मभूमि चितवन जिल्लाको माडी अयोध्यापुरिमा पनि दक्षिणको सोमेश्वर पर्वतमा मुहान भएका घाघरनदी र सरयुनदी पनि उत्तरबाहिनी भएर अयोध्याधाममै पूर्वबाट आउने रेवा नदीसँग मिलेर त्रिवेणी सङ्गम बनेको छ । शालग्राम क्षेत्रको पवित्रतम भूमि नै श्रीरामचन्द्र भगवान्को जन्म र कर्मभूमि हो भने वनवासको करिब १२ वर्षसम्म चितवन जिल्लाकै चित्रकूट पर्वत लगायत नेपालमै तपस्या गरिरहेका महर्षिहरूको आश्रममा घुम्ने, राक्षसहरूलाई मार्ने र पीडितको उद्धार गर्ने गरेर बितेको छ । रामले नै चित्रकूट पर्वतको फेदीमा रहेको वाल्मीकि आश्रममा गएर मुनिलाई आफ्नो वासको लागि राम्रो स्थान ठहर गरी दुईवटा पर्णशाला निर्माण गरी सहयोग गर्न भन्नुभएको थियो ।

यस सम्बन्धमा अध्यात्मरामायणमा यसरी उल्लेख गरिएको छ-

प्रययौ चित्रकूटाद्रिं वाल्मीकेर्यत्र चाश्रमः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गत्वा रामोऽथ वाल्मीकेराश्रमं ऋषिसङ्कुलम् ॥
भवन्तो यदि जानन्ति किं वक्ष्यामोऽत्र कारणम् ।
यत्र मे सुखवासाय भवेत्स्थानं वदस्व तत् ॥
एवमुक्त्वा मुनिः श्रीमाँल्लक्ष्मणेन समन्वितः ।
शिष्यैः परिवृतो गत्वा मध्ये पर्वत गङ्गयोः ॥
तत्र शालां सुविस्तृणां कारयामास वासभूः ।
प्राक्पश्चिमं दक्षिणोदक् शोभनं मन्दिरद्वयम् ॥

(अ.रा.अ.ष.स.४३,५०,८९,९०)

अर्थात् भगवान् राम शिष्यहरूले घेरिएका वाल्मीकि आश्रममा गएर मलाई सीता र लक्ष्मण सहित केही वर्ष बस्न मिल्ने स्थान बताउनुहोस् भनेपछि वाल्मीकि मुनिले आफ्ना शिष्यहरू र लक्ष्मण समेतलाई लिएर गई नारायणी गङ्गा र चित्रकूट पर्वतको बीचमा उत्तम स्थान हेरेर पूर्व पश्चिम र उत्तर दक्षिण फर्केका दुईवटा सुन्दर पर्णशाला (कुटी) बनाइदिएका थिए । रामले नै यो उत्तरबाहिनी क्षेत्र मालुङ्गा (मार्कण्डेश्वरलिङ्गतीर्थ)मा आएर दुन्दुभि राक्षस मारी १६ हजार कन्याको उद्धार गरेका थिए भन्ने भनाइ छ ।

यस उत्तरबाहिनी क्षेत्रको विषयमा वृहन्नारदीय पुराणमा उल्लेख भएअनुसार यही उत्तरबाहिनी चक्रतीर्थको स्याङ्जा जिल्लातर्फको सिकलुङ भन्ने स्थानमा मृकण्डु ऋषिको वासस्थान भएको र मार्कण्डेय ऋषि पनि यहीं जन्मनुभएको थियो भन्ने कथन छ । मृकण्डु पछि मार्कण्डेयको तपस्थल पनि यही उत्तरबाहिनी क्षेत्र हो ।

अतः यस कुरालाई वृहन्नारदीय पुराणको पूवार्द्धमा यसरी उल्लेख गरेको छ-

आसीन्मुनिर्महाभागो मृकण्डुरिति विश्रुतः ।
शालग्रामे महातीर्थे सोऽतप्यत महातपाः ॥
युगानामयुतं ब्रह्मन्गृणन्ब्रह्म सनातनम् ।
निराहारः क्षमायुक्तः सत्यसन्धो जितेन्द्रियः ॥
आत्मवत्सर्वभूतानि पश्यन्विषयनिःस्पृहः ।
सर्वभूतहितो दान्तस्तताप सुमहत्तपः ॥
तत्तपःशङ्किताः सर्वे देवाइन्द्रादयस्तथा ।
परेशं शरणं जग्मुर्नारायणमनामयम् ॥
क्षीराब्धेरुत्तरं तीरं संप्राप्य त्रिदिवौकसः ।
तुष्टुबुर्देवदेवेशं पद्मनाभं जगद्गुरुम् ॥ (वृ.ना.पु.पू.ख.५०-५४)

अर्थात् प्राचीन समयमा जितेन्द्रिय एवं समदर्शी महामुनि मृकण्डुले शालग्राम क्षेत्रमा पनि अति उत्तम, उत्तर बाहिनी क्षेत्र मालुङ्गा (मार्कण्डेश्वरलिङ्ग) तीर्थमा घोर तपस्या गरी बस्नुभएको थियो । उहाँको तपस्याबाट त्रसित भएका इन्द्रादि सबै देवताहरू भगवान् नारायणको शरणमा गएर स्तुति, निवेदन गरे । यिनीहरूको स्तुतिबाट प्रसन्न भएका भगवान्ले भन्नुभयो -

जाने वो मानसं दुःखं मृकण्डुस्तपसोद्गतम् ।
युष्मान्न बाधते देवाः स ऋषिः सज्जनाग्रणी ॥
सम्पद्भिः संयुता वापि विपद्भिश्चापि सज्जनाः ।
सर्वथान्यं न बाधन्ते स्वप्नेऽपिसुरसत्तमाः ॥

(वृ.ना.पु.पू.ख.६९,७०)

हे दवताहरू हो ! तपाईंहरू मृकण्डुको तपस्याबाट त्रसित भएर आउनुभएको कुरा मैले जाने । मृकण्डु ऋषि अत्यन्त सज्जन छन् त्यसैले उनले विपनामा त के सपनामा पनि सुख वा दुःख कुनै पनि अवस्थामा कसैलाई पनि कुनै प्रकारको हानी पुऱ्याउँदैनन् । उनीसँग डराउनु पर्दैन भनी देवताहरूलाई विदा दिएपछि मृकण्डुसित प्रसन्न भएका हरिले उनलाई दर्शन दिनुभयो -

मृकण्डोरपि तुष्टात्मा हरिः प्रत्यक्षतामगात् ।
अरूपं परमं ब्रह्मस्वप्रकाशं निरञ्जनम् ॥
अतसीपुष्पसङ्काशं पीतवाससमच्युतम् ।
दिव्यायुधधरं दृष्ट्वा मृकण्डुविस्मितोऽभवत् ॥
ध्यानादुन्मिल्यनयनं अपश्यद्धीरमग्रतः ।
प्रसन्नवदनं शान्तं धातारं विश्वतेजसम् ॥

(वृ.ना.पु.पू.ख.७८,७९,८०)

अर्थात् भगवान् हरिको दर्शन पाएपछि मृकण्डुले आफूसँग प्रसन्नभएका स्वप्रकाशित निरञ्जन पीताम्बरधारी अतसी पुष्पसमान विश्वका एकमात्र तेजस्वरूप हरि भगवान्को प्रत्यक्ष दर्शनबाट खुशी भएका ऋषिलाई नारायण भगवान्ले वर माग भन्नुभयो । मृकण्डु ऋषिले ध्यानबाट आँखा खोलेर भने- हजुरको दुर्लभ दर्शन पाउनु नै मेरो अहोभाग्य हो । मेरो मन सधै हजुरको भक्तिमा लागिरहोस् र हजुरलाई नै मैले पुत्ररूपमा पाउनसकूँ । उनको विचारदेखि अति प्रसन्न भएका हरिले भन्नुभयो-

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मात्त्वत्तपसा तुष्टो यास्यामि तवपुत्रताम्।
समस्तगुणसंयुक्तो दीर्घजीवी स्वरूपवान्॥
मम जन्म कुले यस्य तत्कुलं मोक्षगामि वै।
मयि तुष्टे मुनिश्रेष्ठ किमसाध्यं जगत्त्रये॥ (वृ.ना.पु.पू.ख.९७,९८)

अर्थात् हे मुनि ! तिम्रो तपस्याबाट म निकै खुशी भएको छु। अतः म स्वयं सर्वगुणसम्पन्न, रूपवान् एवम् दीर्घजीवी पुत्रको रूपमा तिमीबाट जन्म लिनेछु। म जन्मने कुल नै मोक्षगामी हुने छ। म खुशी भएपछि तीनैलोकमा असम्भव भन्ने कुरा केही पनि हुँदैन भन्दै तथास्तु भनेर अन्तर्धान हुनुभयो।

यस पौराणिक कथनानुसार मृकण्डुपुत्र मार्कण्डेयको जन्म यही भएको हो र उहाँहरू दुवै पिता र पुत्रको तपस्थल र वासस्थान पनि यही उत्तरबाहिनी गङ्गाको चक्रतीर्थ हो भन्ने स्पष्ट हुन्छ। पछि मार्कण्डेय महर्षिले एउटा ऐतिहासिक विशाल महायज्ञ सम्पन्न गर्नुभएपछि मार्कण्डेश्वरलिङ्ग स्थापना गरी पूजा सञ्चालन गर्नुभएको थियो। यसपछि मार्कण्डेश्वरलिङ्ग भन्दा भन्दै छोटो रूपमा महालिङ्ग भन्न थालियो, त्यसपछि पनि अपभ्रशित भएर मालुङ्गा नामकरण भएको हो। शुरूमा यो स्थान मार्कण्डेश्वरलिङ्गतीर्थको नामले प्रख्यात थियो।

यस्तै यस मार्कण्डेश्वर तीर्थमा आफ्नो वनवासको समयमा तीर्थयात्रा गर्दै गएका पाण्डुपुत्र युधिष्ठिरले मार्कण्डेयमुनिसँग संसारका तीर्थहरूमा सर्वोत्तम तीर्थ कुन हो भनेर सोध्नुभयो। प्रश्नको उत्तर दिँदै मार्कण्डेय मुनि भन्नुहुन्छ-

ततो गच्छेन्महिपाल तीर्थं परम रोचनम्।
मार्कण्डेशमितिख्यातं गङ्गायाः दक्षिणे तटे॥
उत्तमं सर्वतीर्थानां गिर्वाणैर्वन्दितं शिवम्।
गुह्यात् गुह्यतरं पुत्र नाख्यातं कस्यचिन्मया॥
स्थापितं तु मया पूर्वं स्वर्गसोपानसन्निभम्।
ज्ञानं तत्रैव मे जातं प्रसादाच्छङ्करस्य च॥

(स्क.पु.रे.ख.अ.१००/१,२,३)

अर्थात् हे युधिष्ठिर ! गङ्गा (काली) नदीको दक्षिण तटमा रहेको मार्कण्डेयतीर्थ छ। जुन तीर्थलाई शिव-पार्वती समेतले पृथ्वीमै सर्वोत्तम तीर्थ भनेर मान्नुभएको छ र मैले पनि आजसम्म कसैलाई नभनेको तथा पहिले नै स्वर्ग जाने भन्याङ्को रूपमा मानेको यसै तीर्थमा भगवान् शिवले ज्योतिर्महालिङ्ग रूपमा दर्शन दिएको हुनाले उहाँकै प्रसादले मलाई ज्ञान प्राप्त भयो। यसपछि म शिवभक्त भएर भगवान् शिवको विशेष स्तुति गरेपछि शङ्कर प्रसन्न भएर मलाई विशेष वरदान दिनुभएको थियो जो यसप्रकार छ -

धर्मस्थितिं महाभागौ भक्तिं वाऽनुत्तमां युवाम्।
अजरो व्याधिरहितः पञ्चविंशतिवर्षवत्।
अस्मिन्स्थाने सदा स्थेयं सह देवैरसंशयम्॥

(स्क.अ.१६७ /११.)

अर्थात् तिम्रो तपस्या र स्तुतिबाट म ज्यादै प्रसन्न भएको छु, अतः तिमी रोग व्याधिले रहित एवम् अजर अमर भएर सुन्दर २५ वर्षे युवाको रूपमा कल्पौंसम्म यस स्थानमा निर्धक्क भएर देवताहरूसँगै विचरण गर्न पाउने छौ भन्ने वरदान दिएर भगवान् शङ्कर अन्तर्धान हुनुभएको थियो।

यो पवित्र उत्तरबाहिनी क्षेत्रमा मेरो जन्मस्थल मात्र नभई, कर्म र तपस्थल पनि हो। यी सबै कारणले यो स्थान जप, तप र सिद्धि प्राप्त गर्न सकिने अति पवित्र तीर्थधाम हो। यस चक्रतीर्थमा गएर जलमा नै बसेर "द्रुपदादि" मन्त्र जप गर्ने र पिण्ड-तर्पण गर्ने मानिस सबै पापबाट मुक्त हुन्छ र उसका पितृहरूको पनि उद्धार हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्कन्दपुराणको यस रेवा खण्डको धेरै अध्यायमा प्रायशः पाण्डुपुत्र युधिष्ठिर र महर्षि मार्कण्डेयको संवाद रहेको छ ।

महर्षि मार्कण्डेयले कृष्णानदीलाई उत्तरतर्फ तीन उच्च पर्वत शिखरबाट प्रादुर्भाव भई सबैको उद्धार गर्ने पवित्र नदी भन्दै कहीं नर्मदा, कहीं गङ्गा कहीं जाह्नवी, कहीं विष्णुनदी भनेका छन् भने त्रिशूलीलाई कहीं शिव नदी कहीं रेवा नदी कहीं त्रिशूली आदि नामबाट व्याख्या गरेका छन् । कृष्णा र त्रिशूली बीचको विशाल पवित्र क्षेत्रलाई वैदिक संस्कृति र संस्कारसँगै शास्त्र एवम् ज्ञानोत्पत्तिको महान् क्षेत्र हो भन्दै यी गण्डकी नदी दक्षिणतिर गएपछि जाह्नवी नामा भएकी छन् भन्नुभएको छ । यस उत्तम क्षेत्रको वारेमा अनन्दरामायणमा अर्को प्रसङ्ग यस्तो छ-

अथैकदा रामचन्द्रो मृगयार्थं वनं ययौ ।
सीतया बन्धुभिः सैन्यैर्हस्त्यश्वरथपत्तिभिः ॥
राम दर्शनसंभ्रान्त बभ्रमुस्त इतस्ततः ।
अथ रामः केसरिणं जघान शितपत्रिणा ॥
ततः स दिव्य रूपेण नत्वा प्राह रघूत्तमम् ।
पुरा विद्याधरश्चाहं मया भुक्ता पतिव्रता ॥
मुनिपत्नी हठेनैव तया शप्तस्त्वहंक्रुधा ।
सिंहवन्निग्रहो यस्मात्त्वया मयि कृतोऽद्य हि ॥

(आ.रा.स.११/१,२६,२७,२८)

अर्थात् कुनै एक दिन भगवान् राम यही उत्तरगङ्गा परिसरमा शिकार खेल्नको लागि हात्ती, घोडा, रथ, सैन्य आदि लिएर सीता सहित जानुभएको थियो । त्यस समयमा रामको दर्शनको लागि यता र उता घुमिरहेको सिंहलाई देखेर भगवान् रामले वाणले हान्नुभयो । वाण लाग्ने वित्तिकै त्यसले दिव्यरूप लिएर रामलाई नमस्कार गरी भन्योम पहिले विद्याधर नामको गन्धर्व थिएँ । त्यस समयमा मैले पतिव्रता स्त्री र मुनिपत्नी समेतलाई हठ गरेरै भोग गरेकोले मुनिपत्नीको श्रापले सिंह भएर घुमेको थिएँ । आज तपाइँको कृपाले श्रापमुक्त भएको छु ।

आनन्दरामायणका अनुसार यही क्रममा यस उत्तम उत्तरगङ्गा क्षेत्रमा भगवान् राम पनि सात दिनसम्म बस्नुभएको थियो र सो समयमा श्रापित विद्याधर जो सिंहको रूपमा घुमिरहेको थियो, उसको उद्धार गर्नुको साथै यस क्षेत्रमा आई रामचन्द्रले दुष्ट राक्षसहरूलाई मारी कठोर तपस्या गरी बसेका १६ हजार कन्याहरूको तपस्या पनि पूर्ण गराउनुभएको थियो ।

यो कुरा आनन्दरामायणमा यसरी व्यक्त गरिएको छ –

ताभिः शनैस्ततो रामो ययौ तुरगसंस्थितः ।
योजनोपरि ताः सर्वाः सहस्रं षोडशः शुभाः ॥
ददर्श गण्डकीतीरे वृक्षखण्डे रघुद्वहः ।
निमीलितदृशः शुष्कास्तपसा दग्ध यौवनाः ॥

(आ.रा.द्वा.स.११/७२-७३)

अर्थात् यही उत्तरगङ्गाको तटमा कालिन्दी सहितका ४ ब्राह्मण कन्या र वैश्य आदि गरिएका १६ हजार कन्याले गण्डकीतीरमा आँखा चिम्लेर बसी कठोर तपस्या गरेर आफ्नो शरीर र यौवन सुकाएका थिए ।

यसै क्षेत्रमा आएका भगवान् रामले नरभक्षी राक्षस दुन्दुभिलाई मारी त्यसले अपहरण गरी राखेका ती कन्याहरूलाई उद्धार गर्नुभएका कुरा यसरी उल्लेख गरिएको छ-

अथ रामः शनैः सर्वाः पृष्ट्वा निजकरेण ताः ।
कृत्वा तारुण्य पूरौघपूरिताः प्राह सादरम् ॥
पूर्ववत्सकलं वृसं सर्वाः संश्राव्यविस्तरात् ।
वरं वरयतां शीघ्रमित्युक्ता च रघूत्तमः ॥
हतं तं दुन्दुभिं श्रुत्वा हर्षोत्फुल्लाननाः स्त्रियः ।
पूर्ववद्विष्णुरूपाणि सहस्राणि हि षोडशः ॥
सन्दर्शितानि रामेण तावन्ति च स्थितानि हि ।
रामरूपाणि ताः दृष्ट्वा ज्ञात्वा विष्णुं चराचरम् ॥
तं वरान्वरयामासुस्त्वन्नो भर्ता भव प्रभोः ।
ततो राममुखात्छुत्वा चैकपत्नीव्रतस्थितम् ॥ (आ.रा.द्वा.स.१-५)

अर्थात् दुन्दुभि राक्षसले अपहरण गरेपछि त्यहीं तपस्या गरी ज्यान सुकाएर कुरूप भई बसेका कालिन्दी सहित ४ ब्राह्मण. कन्या र अरू वैश्य आदि गरिएका १६ हजार कन्याहरूलाई भगवान् रामले आफ्ना हातले छोएर छिटै नै पहिलेजस्तै रूपयौवन सम्पन्न बनाएपछि वर माग भन्नुभयो । दुन्दुभिको मरणको समाचारले खुशी भएका तिनीहरूले आफूहरू जतिजना छन् त्यत्ति संख्यामा रामरूप देखेपछि यी त साक्षात् भगवान् विष्णु रहेछन् भन्ने जानी ती सबै कन्याले हजुरलाई नै पति भज्न पाऊँ भन्ने वरदान मागे । यसप्रकारको वरदान मागेपछि रामले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो यो राम अवतार एक पत्नीव्रतनिष्ट भएकोले अहिले सम्भव छैन । अतः तिमीहरू यही उत्तम क्षेत्रमा नै तपस्वी भएर बस । द्वापरयुगमा मेरो कृष्णअवतार भएपछि तिमीहरू सबै गोपिनीहरूको रूपमा पुनर्जन्म लिई आउने छौ र यो वरदान पनि पूरा हुने छ, भन्नुभएको थियो ।

यस क्षेत्रमा एउटा विशाल प्राकृतिक गुफा रहेको छ । यही पुण्य भूमिमा अष्टचिरञ्जीवीले तपस्या गरी बसेको गुफा पनि छ । जसलाई आज पनि अष्टचिरञ्जीवी गुफा भनेर चिनिन्छ । वर्तमान अवस्थामा ३०० हात जति भित्र जान सकिने र त्यहाँ भित्रै पनि अनेकौं गुफाहरू भएकाले प्रवेश गर्ने व्यक्तिलाई बाहिर निष्कनै मुष्किल पर्ने अद्भूत खालको गुफा छ । यस गुफाको अलावा यस क्षेत्रमा तत्कालीन गह्रौंका राजा सूर्यसँग आजभन्दा करिब ५०० वर्ष पहिले हरिनारायण वस्यालले यो गाउँ किन्ने क्रममा मार्कण्डेश्स्वरलिङ्ग भएको मन्दिरको पनि म आफै सेवा गर्छु भनेर यस प्राचीन मन्दिरको पनि संरक्षण गर्ने जिम्मा लिनुभएको रहेछ । आज पनि त्यसैगरी त्यही वंशबाट वंशपरम्परा अनुसार नै त्यसको संरक्षण र पूजा भइरहेको छ ।

यस क्षेत्रमा कमेरीपानी भन्ने पानीको एउटा मुहान छ । यस पानीमा स्नान गर्नाले छालाका अन्य रोगसँगै कुष्ठरोग पनि सञ्चो हुन्छ भन्ने विश्वास रहेकाले यस तीर्थमा आउने मानिसले त्यहाँ गएर स्नान गर्ने गर्छन् । पञ्चायत कालसम्म पनि यही मालुङ्गा गाउँको छेउमा देशभरका कुष्ठ रोगीलाई उपयुक्त वासस्थान निर्माण गरी राखिएको थियो । यस कमेरे पानीमा स्नान गर्दा गर्दै केही मानिस सञ्चो भएर घर गएका पनि थिए भन्ने भनाइ छ । यो भयानक सरूवा रोग भएकोले मनिसहरूबाट अलग्गै राखिन्थ्यो । आज भोली औषधोपचारको व्यवस्था भएकोले यो रोग लाग्नै पाउँदैन ।

येन लिङ्गेन यो देशो युक्तः समुपलभ्यते ।
तेनैव नाम्ना तं देशं वाच्यमाहुमनीषिणः ॥ (म.भा.आ.पर्व २/१२)

अर्थात् कुनै देश वा स्थान विशेषको नाम त्यहींका ऐतिहासिक अभिलक्षणाका आधारमा राखिएका हुन्छन् र लोकले त्यसलाई त्यसैगरी प्रयोगमा ल्याउँछन् । यस महालिङ्ग (मालुङ्गा) धामको नाम पनि मार्कण्डेय महर्षिकै नामबाट रहेको हो र उत्तरबाहिनी गङ्गा भएकै कारण यहाँ मार्कण्डेय आदि ऋषि मुनिहरू तपस्या गरी बसेका थिए । कृष्णागण्डकीको पुरै क्षेत्र दुर्लभ क्षेत्र मानिन्छ भने यो क्षेत्र महादुर्लभ क्षेत्र हो । यहाँ अन्य मठ मन्दिर र गुफाहरू पनि रहेका छन् ।

वर्तमान अवस्थामा यहाँ कालीगण्डकी ज्ञान-विज्ञान प्रष्ठिान नामक संस्था स्थापना गरिएको छ । प्रतिष्ठान स्याङ्जा जिल्लामा दर्ता गरी विधिवत् सञ्चालित छ । यसले आरम्भदेखि नै विभिन्न क्षेत्रका व्यक्तिहरू र सरकारबाट पनि साथ र सहयोग पाइरहेको छ । सबैको सहयोगको पहलमा यहाँ केही ठोस कामहरू भइरहेका पनि छन् । यस संस्थाद्वारा विशाल सभाहल, औषधालय भवन, कालीगण्डकी गुरूकुलको भवन लगायत अन्य आवश्यक संरचनाहरू पनि निर्माण गरिएका छन् भने वृद्धाश्रम निर्माणको सोच राखेर यो संस्था अगाडि बढिरहेको छ । प्रतिष्ठानद्वारा २०७३ र २०७४ सालमा यस पुण्यस्थलमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको एक एक वटा महायज्ञ भव्यरूपमा सम्पन्न भएको थियो ।

यहाँको भौगोलिक सुन्दरता अत्यन्तै मनमोहक छ । उत्तरबाट दक्षिणतर्फ बग्दै आएकी नदी फनक्क घुमेर पुन उत्तरतिर बगेको अद्भूत एवम् सुन्दर दृश्यावली, दुवैतिरका किनारमा समथर एवम् अति उर्वरा जमिन, चिटिक्क परेका घर र वस्ती, हरा-भरा वन-जङ्गल र समशीतोष्ण जलवायु शालग्राम शिलाको जीवनदायी जल, जसलाई अति पवित्र मानिएको छ भन्दै स्न्दपुराण लेख्छ –

शालग्राम शिला तोयं यः पिवेत् विन्दुमात्रकम् ।
सः सर्वयोनिमुत्सृज्य प्रयाति सदनं हरेः ॥

अर्थात् यस कृष्णागण्डकीमा उत्पन्न हुने शालग्राम शिलाले पवित्र भएको एकबूँद मात्र जल पिउनाले जुनसुकै मानिस सम्पूर्ण पापयोनिबाट मुक्त भई वैकुण्ठ धाममा गएर बस्न पाउँछ । यहाँ प्राकृतिक सुन्दरता र शालग्राम शिलायुक्त उत्तरबाहिनी गङ्गाको जल सेवन गर्न पाइने हुनाले यहाँ आउने तीर्थयात्रीहरू झट्टै फर्किने इच्छा पनि गर्दैनन् । राजमार्गबाट तल उत्तर बाहिनी क्षेत्रमा देखिने दृश्यको अवलोकन गरी लिएको तस्वीरले पनि मानिसलाई मोहित गराउँछ ।

यहाँ सनातनधर्मीका वर्षभरिका धार्मिक पर्वहरूमा श्रद्धालु आई स्नान, दान, भगवत् पूजा, पितृकार्य र अन्य रूद्राभिषेकादि पुण्यमय कार्य गरेर जानेगर्छन् । यहाँ गरिने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुनसुकै पुण्य कार्यमा प्रसस्तै भक्तजनहरू उपस्थित हुने गर्छन् । नियमित रूपमा आएर स्नानादि पुण्यकर्म गर्नेहरू पनि खाली हुँदैनन् । पुषे औंशीमा पिण्ड-तर्पण दिनको लागि अघिल्लो दिन नै काठमाडौं लगायत देश विदेशबाट तीर्थयात्रीहरू यहाँ आउने गर्दछन् ।

कालीगण्डकी ज्ञान-विज्ञान प्रष्ठिानले वि.सं. २०७५ सालमा कागजी प्रक्रिया पुरा गरी २०७६ सालबाट गुरूकुल शिक्षा प्रारम्भ गरेको थियो । अहिले यस गुरूकुलमा आठ जना शिक्षक र तीनजना कर्मचारी रहेका छन् भने एक जना स्वयं सेवक शिक्षक कार्यरत छन् । अहिलेसम्म यस गुरूकुलमा छात्राहरूको लागि आवासीय व्यवस्था नभएकोले भर्ना नै भएका छैनन् । यहाँ कक्षा छदेखि दशसम्मको पढाइ हुन्छ । यस गुरूकुल विद्यालयको व्यवस्थापन समितिमा पाल्पा र स्याङ्जा दुवै जिल्लाका प्रतिनिधिहरू रहनुभएको छ । यस धामलाई सुविधासम्पन्न गराउनको लागि दुवै जिल्लाका वासिन्दाको सक्रिय सहभागिता रहने गरेको छ ।

यस पुण्यक्षेत्रका दुवै किनारमा दाह संस्कार गर्ने चलन छ । यो उत्तरबाहिनी नदी क्षेत्र भएकोले धेरै टाढा टाढाबाट पनि दाह संस्कारको लागि मानिसहरू लाश लिएर आउने गर्छन् । हाल यहाँको प्रतिष्ठानले घाट र लाश जलाउने केही स्थानको राम्रो व्यवस्था गरेको छ र गर्दै पनि छ । यहाँबाट वसाई सरी गएकाहरू पनि दाहसंस्कार गर्नको लागि यहीं नै आउने गर्दछन् ।

यस पुण्यस्थलीमा दुवै जिल्लातर्फको किनारमा फूलवारी बगैंचा बनाउने र पिपल आदि वृक्षहरू लगाउने काम पनि हुन लागेको छ । यसलाई सुन्दर र आरामदायक बनाउने योजनामा उक्त प्रतिष्ठान क्रियाशील छ । यहाँ अन्य ऋषिहरूका तपस्थल(आश्रम) पनि छन् । यहाँ गौशाला निर्माण गरी पहाडी मझ्यौला जातका अमृतरूपी गौरस प्रदान गर्ने गाईहरूको संरक्षण पनि भैरहेको छ । यी सबै कारणले यो स्थान तप, जप र सिद्धि प्राप्त गर्न सकिने एउटा महान् पवित्र तीर्थ स्थल हो । ❖

-चन्द्रागिरी, काठमाडौं

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छ पर्व- २०८१ को पावन अवसरमा वडावासी लगायत सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

दिनेश महर्जन, वडाध्यक्ष एवम्

काठमाडौं महानगरपालिका वडा नं.- ४ परिवार

बालुवाटार, काठमाडौं

जन्म, विवाह, बसाइसराई, सम्वन्ध विच्छेद, मृत्युलगायतका व्यक्तिगत घटना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महर्षि महेश योगी

उद्धवप्रसाद भट्टराई 'चैतन्यदीप'

महर्षि महेश योगी आध्यात्मिक ज्ञान, योग साधना र वैदिक शिक्षाको क्षेत्रमा विशेष योगदान दिने सन्त हुनुहुन्छ । उहाँ आध्यात्मिक क्षेत्रसँगसँगै राजनीतिक क्षेत्रमा पनि सुप्रसिद्ध हुनु भयो । उहाँले आध्यात्मिक साधनालाई अझ व्यापक बनाई भावातीत ध्यान योग साधनाको विशेष प्रचार गर्नुभयो । जुन साधनात्मक क्षेत्रमा नयाँ प्रयोग जस्तो लागे पनि पूर्वीय दर्शनभित्रको एक महत्त्वपूर्ण साधनाको भाग मानिन्छ । जसको प्रयोगद्वारा मानवीय चरित्र निर्माणको क्षेत्रमा मूल्यवान कार्य भएको छ ।

उहाँले भावातीत ध्यानको विषयलाई भारत देशमामात्र नभई विश्वभरमा नै फैलाउनु भयो । उहाँले ध्यान योगको साथसाथै त्यससँग सम्बन्धित शैक्षिक संस्थाहरू पनि स्थापना गर्नुभयो । जुन शिक्षण संस्थाहरूले हिन्दु संस्कृति, सनातनधर्म, अध्यात्मको साथै जीवनको व्यावहारिक चरित्र, मूल्य र मान्यताको शिक्षा दिँदैआएका छन् । महर्षि योगीले वैदिक ज्ञानको प्रकाशले सम्पूर्ण विश्वलाई आलोकित गरिदिनु भयो । उहाँको हृदयग्राही सरस प्रवचनबाट हिन्दुस्तानको जबलपुर शहरदेखि विश्वका कैयौं शहरका श्रोताहरू आकर्षित हुनपुगेका थिए ।

महर्षि महेश योगीको जन्म १२ जनवरी, १९१८ मा भारतको छत्तीसगढको राजिमशहर नजिकै पाण्डुका गाउँमा भएको थियो । उहाँको पिताको नाम रामप्रसाद श्रीवास्तव थियो । भारतको जबलपुर शहर नजिकै जन्मेका महर्षि योगीको वाल्यकालको नाम महेश श्रीवास्तव थियो । उहाँको पिता राजस्व विभागमा कार्यरत हुनुहुन्थ्यो । नोकरीको सिलसिलामा उहाँको सरूवा जबलपुरमा भएको थियो । उहाँका पूरा परिवार जवलपुरमा रहन लागे ।

योगीको प्रारम्भिक बाल्यकाल जबलपुरमा बितेको थियो । उहाँलाई त्यहाँको प्राकृतिक वातावरण बहुतै मन परेको थियो । त्यहाँको हितकारिणी स्कुलबाट मैट्रिक उत्तीर्ण गर्नुभएपछि उहाँले इलाहाबाद विश्वविद्यालयबाट बीएससीको उपाधि लिनुभयो । त्यसपछि उहाँ गन कैरिज फैक्टरीमा उच्चश्रेणीको पदमा नियुक्ति हुनुभयो । फैक्टरीकी सानो नोकरीदेखि लिएर विश्वविख्यात महर्षि बन्नेसम्मको यात्रामा कैयौं रोचक उचारचढाव आयो ।

एक दिन उहाँ साइकलबाट जेठो भाइको घरतर्फ जाँदै गर्दा उहाँको कानमा सुमधुर प्रवचनको आवाज सुन्नुभयो । सम्मोहक प्रवचनको बोली सुन्नासाथ उहाँले साइकल मोड्दै त्यतैतर्फ जानुभयो । जब उहाँले त्यहाँ स्वामीब्रह्मानन्द सरस्वतीलाई देख्नुभयो र उहाँको प्रवचन



सुन्नुभयो तब उहाँ अत्यन्तै प्रभावित हुनपुग्नुभयो । त्यसै बखत उहाँको मनमा वैराग्य जागृत भयो । त्यसपछि योगी कहिल्यै पनि घर फर्कनुभएन । उहाँको लागि पूरा विश्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



ब्रह्मानन्द सरस्वती ग्राम, दक्षिणकाली-१, बोसन चम्पादेवी, काठमाडौं

एक परिवार जस्तै हुनगयो ।

उहाँले गुरू स्वामीब्रह्मानन्द सरस्वतीबाट दीक्षा लिनुभयो, जो भारतको चारधाममध्येका एक शंकराचार्य हुनुहुन्थ्यो । महेश श्रीवास्तव ज्ञान, ध्यान, तपस्या र योग साधनाको दिव्यकार्यको योगदानबाट जीवनको अन्तिम समय महर्षि महेश योगीको नामले सुप्रसिद्ध हुनुभयो । गुरूको आज्ञालाई शिरोधार्य गर्दै उहाँले समस्त विश्वमा वैदिकधर्म र संस्कृतिको प्रचार-प्रसार गर्ने जिम्मेवारी लिनुभएको थियो ।

उहाँले हिमालयको बद्रीकाश्रम तथा ज्योतिर्मठमा बसेर योग, प्राणायाम र ध्यानको गहिरो साधना गर्नुभयो । दक्षिण भारतमा विशेषतः उहाँले आध्यात्मिक विकास केन्द्रको स्थापना गर्नुभयो । उहाँले डिसेम्बर १९५७ बाट आध्यात्मिक पुनरूत्थान कार्यक्रमको शुरूवात गर्नुभयो । उहाँ सन् १९६० मा पश्चिमी देशहरूको यात्रामा निस्कनुभयो । उहाँले अमेरिकामा भावातीत ध्यानको माध्यमले मानवीय चेतनाको विकास र विस्तारका कार्यलाई व्यापक बनाउनु भयो । पश्चिम देशमा गई उहाँले रासायनिक द्रव्यको कुप्रभावका साथै पदार्थवादी सभ्यताबाट बच्न सबैतिर सन्देश फैलाउनु भयो । योग र ध्यान पद्धतिद्वारा मादक पदार्थको सेवनविना कसरी तनावमाथि विजय प्राप्तगर्न सकिन्छ भन्ने व्यावहारिक ज्ञान पनि उहाँले दिनु भएको थियो ।

भावातीत ध्यानबाट आकर्षित भई हलीउडको प्रसिद्ध फिल्म स्टार मियाफारोले महर्षिलाई आफ्नो गुरू बनाए । महर्षि विदेशमा बस्दा बस्दै उहाँ छिट्टै प्रसिद्ध हुनुभयो । प्रसिद्धिको साथै उहाँमा ठूलो धनराशि पनि जम्मा भयो । उहाँले पश्चिमका वैज्ञानिकहरूमाझ भावातीत ध्यानले मनुष्यजीवनमा कसरी शान्ति प्राप्त हुन्छ भन्ने कुरा यथार्थरूपमा प्रमाणित गरिदिनुभयो । ध्यानले बुद्धि, ज्ञान तथा योग्यता र क्षमतामा वृद्धि हुन्छ । उहाँले पश्चिममा यो प्रमाणित गरेर देखाइदिनुभयो कि आत्माको शक्ति र आनन्दको सागर पाउन ध्यान नै प्रमुख मार्ग हो । उहाँको प्रमुख उद्देश्य भावातीत ध्यानको माध्यमबाट विश्वशान्ति र विश्व बन्धुत्वको भावना जागृत गर्नु, मानवलाई पूर्ण ज्ञानप्राप्ति गराउनु र वैदिक सनातनधर्म शिक्षाको प्रचार-प्रसार गर्नु गराउनु रहेको थियो । यसरी उहाँले भावातीत ध्यानको महत्त्वलाई संसारमा फैलाउनु भयो ।

मानव समाजमा वैदिक शिक्षाको माध्यमबाट आदर्श व्यक्तिको निर्माण होस् । देश र समाज समस्याहीन, रोगहीन र दुःखविहीन हुन सकून् । सङ्घर्षविहीन, आदर्श समाज र आदर्श देश निर्माणको साथै समस्त विश्वमा दिव्यजागरण ल्याउन सहयोग पुगोस् भन्ने नै उहाँको मुख्य ध्येय थियो ।

उहाँ आध्यात्मिक ज्ञान र वैदिक यज्ञको प्रचार प्रसार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न आजभन्दा पचास वर्ष पहिले नेपालमा आउनु भएको थियो । उहाँको नेपाल आगमनको स्वर्ण महोत्सव मनाउँदै महर्षि महेश योगी फाउण्डेसनले यही कार्तिक २१ देखि २५ गतेसम्म भृकुटीमण्डप, काठमाडौंमा अतिरूद्री विश्व कल्याण विराट महायज्ञ, २०८१ को आयोजना गर्ने भएको छ ।

उहाँले नेपाल आउँदा भन्नुभएको थियो- 'विश्वशान्तिका लागि नेपालले आध्यात्मिक रूपमा नै संसारलाई नेतृत्व दिनसक्छ ।' यसरी उहाँले वैदिक ज्ञान र यज्ञको प्रचारका क्रममा विश्व भ्रमण गर्नुभएको थियो । आफ्नो ३० वर्ष भन्दाबढी विश्व भ्रमण र यात्राको क्रममा सन् १९७५ मा उहाँ स्वीटजरलैण्डमा "मेरू महर्षि यूरोपियन रिसर्च यूनिवर्सिटी" स्थापना गर्न सफल हुनु भयो ।

उहाँले अन्तर्राष्ट्रिय भावातीत राजधानीको रूपमा स्वीटजरलैण्डको सीलिसबर्ग, न्यूयार्कको साउथ फाल्सबर्ग र ऋषिकेशको शंङ्कराचार्य नगर स्थापित गर्नुभयो । यी सबै स्थानमा विशाल भव्यभवनहरू निर्माणका लागि थुप्रै धन सम्पत्तिआर्जन गर्नुभयो । यस्तै नयाँदिल्लीको नजिकै नोएडामा महर्षि नगर, आयुर्वेद विश्वविद्यालय र वैदिक विज्ञान महाविद्याल्रयको पनि स्थापना गर्नुभयो । समस्त विश्वमा १५० स्थानमा ४ हजार आध्यात्मिक केन्द्ररू उहाँको फ़ाउण्डेशनका माध्यमद्वारा सञ्चालित भइरहेका छन् ।

महर्षि महेश योगीले ध्यान र साधनाको क्षेत्रमा नेपाललाई उत्कृष्ट भूमि मान्नुभएको थियो । नेपालमा महर्षि वैदिक फाउण्डेसनले महर्षि योगीजीको अभियानलाई अगाडि बढाएको छ । पूर्व राज्यमन्त्री दीपकप्रकाश वास्कोटाको नेतृत्वमा यो अभियान कुशलतापूर्वक अगाडि बढेको छ । महर्षि महेश योगीको ध्यान पद्धति नेपालका सयौ गुरूकुलमा पनि लागु गरिएको छ । गुरूकुलमा नियमित रूंद्राभिषेशको कार्य पनि हुँदैआएको छ । दक्षिणकालीको चम्पादेवीमा ब्रह्मानन्द ग्रामको नाममा करोडौंको लगानीमा आवासीय ध्यान केन्द्र निर्माण भएको छ ।

भावातीत ध्यान वास्तवमा महर्षि पतञ्जलिले दिनुभएको अष्टाङ्ग योग साधनाको महत्त्वपूर्ण तहमध्ये ध्यानयोगको एक भाग हो । तर महेश योगीले त्यही ध्यान साधना पद्धतिलाई केही परिमार्जन गरी नयाँ रूप दिनुभएको हो । महर्षि महेश योगीले भावातीत ध्यान साधनाको साथै वैदिक शिक्षालाई पनि विशेष जोड दिई अगाडि बढ्नु भएको थियो । ध्यान र वैदिक शिक्षाको महत्त्वपूर्ण विशेषता यो छ कि प्राचीन पूर्वीय सनातन शिक्षासँगै आधुनिक पाश्चात्य शिक्षाको यसमा अनौठो समन्वय गर्ने प्रयास भएको पाइन्छ । भावातीत ध्यान अर्थात् ज्ञानको माध्यमबाट मनुष्य आफूभित्र निहित समस्त शक्तिको एकीकृत चेतना समाहित गरी पूर्ण शान्ति र विकास प्राप्त गर्नसक्छ । विश्वभर वैदिक सनातन शिक्षा र योग दर्शनको प्रचार-प्रसार गर्न महर्षि महेश योगीको नाम अग्रणी रहेको पाइन्छ । उहाँ फरवरी, २००८ मा ब्रह्ममा विलीनभई संसारबाट विदा हुनुभयो । ❖

-कुमारीगाल, काठमाडौं

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व- २०८१ को पावन अवसरमा वडावासी लगायत सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।



रामकुमार के.सी., वडाध्यक्ष एवम्

काठमाडौं महानगरपालिका वडा नं.- १० परिवार

बानेश्वर, काठमाडौं



जन्म, विवाह, बसाइसराई, सम्वन्ध विच्छेद, मृत्युलगायतका व्यक्तिगत घटना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दियोले नै दियो जलाउनु पर्छ

दीपावलीलाई भारतीयहरूले तिहारपर्वका रूपमा लिई विशेष महत्त्व दिन्छन् । यो त्यस्तो पर्व हो जसका माध्यमबाट समाजले आफ्ना घरघरमा सुखसमृद्धिको कामना गर्ने गर्छन् किनभने यस पर्वमा मुख्यतया महालक्ष्मीको आराधना गर्ने गरिन्छ । केही दिन पहिलेदेखि नै यस पर्वको आगमनको प्रतिक्षामा रही घरआँगन, द्वार आदिको सरसफाइ गर्दछन्, तिनलाई सजाउँछन्, मिठाई पक्वान बनाउँछन्, आतसबाजी गर्छन् र रात्रिको समयमा लक्ष्मीको आराधना गर्छन् । यसबेला लक्ष्मी माता, सरस्वती माता र गणेश भगवान्को पनि पूजाआजा गरिन्छ ।

धनतेरस अर्थात् धन्वन्तरि/धनत्रयोदशी, नरकचतुर्दशी (रूपचतुर्दशी) तथा महालक्ष्मीको पूजन गरी यस पर्वलाई मिश्रण पर्वका रूपमा लिइन्छ । दीपावलीको शुरूवात धनतेरसदेखि नै आरम्भ भएको मानिन्छ । यहीं दिनदेखि आआफ्ना घरद्वारमा दियो बाल्न शुरू गरिन्छ । यो कार्य हरिबोधिनी एकादशीसम्म चलिरहन्छ । धनत्रयोदशी अर्थात् धन्वन्तरीकै दिन भाडाबर्तन वा कुनै पनि धातुका सामान खरिद गर्नुलाई शुभकार्य मानिन्छ जसले गर्दा उक्तदिन भाँडापसलमा सामान खरिद गर्ने मानिसको घुइँचो हुन्छ । भाँडाकुँडा खरिद गरी घरमा लगी पूजा गरिन्छ, यसैलाई धनतेरस वा धन्वन्तरि पर्व पनि भनिन्छ । कार्तिक कृष्णपक्षको त्रयोदशी तिथिका दिन नै धन्वन्तरि भगवान्को जन्म भएको थियो । धन्वन्तरि भगवान् भनेका औषधिहरूका ज्ञाता हुन् । आयुर्वेदको सम्पूर्ण ज्ञानमा उनकै योगदान मानिन्छ । अतः उनैबाट स्वास्थ्य लाभको कामना गरी उनकै प्रार्थना गर्ने गरिन्छ ।

अघिल्लो दिन नरक चतुर्दशीमा पनि सूक्ष्म दीपावली हुन्छ । उक्तदिन सूर्योदय हुनु अगावै पूर्वस्नान गर्नुलाई अत्यन्त शुभकार्य मानिन्छ । रातमा यमपूजा हेतु बत्ती बालिन्छ । पौराणिक कथाअनुसार सोही दिन कृष्ण भगवान्ले एकजना दैत्य नरकासुरको संहार गरेका थिए साथै सोह्र हजार एक सय कन्याहरूलाई नरकासुरको बन्दीगृहबाट मुक्ति दिलाएका थिए । यसरी नरकासुरको आतङ्कबाट मुक्ति पाएको दिनको खुसियालीमा पनि यो पर्व मनाएको



मानिन्छ ।

भारतीय पद्धतिमा तिहारको संरचना यस प्रकार भएको मानिन्छ कि यस वर्षको आराधना, उपासना र अर्चनामा आदिभौतिक लक्ष्मी मानेर आदिदैविक लक्ष्मीसँग सम्बन्ध स्वीकार गरी पूजन कार्य गरिन्छ । घरमा बालिएको दियो माता लक्ष्मीको आध्यात्मिक स्वरूपको शोभा आविर्भूत गर्नका लागि हो भन्ने मानिन्छ । यसप्रकार यस उत्सवमा तीन किसिमले लक्ष्मीको उपासना हुने गर्छ ।

ब्रह्मपुराण अनुसार- कार्तिक आमावश्या अँधेरी रात अर्थात् अर्द्धरात्रिमा महालक्ष्मीको स्वयं भूलोकमा आगमन हुन्छ र प्रत्येक सद्गृहस्थ घरमा उनले विचरण गर्दछिन् भन्ने विश्वास गरिन्छ । जुन घर हरप्रकारले स्वच्छ, पवित्र, शुद्ध र सुन्दर तरिकाले सुसज्जित पारिएको हुन्छ र प्रकाशयुक्त रहन्छ त्यही नै लक्ष्मीमाताले बास गरेकी हुन्छिन् भन्नेमा विश्वास गरिन्छ । दुर्गन्धयुक्त स्थानलाई उनी देख्न पनि चाहन्नन् । तसर्थ उक्त दिन घरभित्र र बाहिर चारैतिर सफासुग्घर राख्न सकेमा त्यही नै लक्ष्मीको सवार हुनेगर्छ भन्ने कुरामा विश्वास गरिन्छ । दीपावली पर्व विधिविधानपूर्वक मनाउनाले माता लक्ष्मी प्रसन्न रहन्छिन् र त्यस्ता सद्गृहस्थीहरूका घरमा सधैं निवास गर्दछिन् भनी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वास गरिन्छ ।

बङ्गालमा एउटा धार्मिक मान्यता के रहेको पाइन्छ भने दीपावलीको आमावस्थादेखि नै पितृहरूका निम्ति रात्रि आरम्भ हुन्छ । पितृजन आफ्नो मार्गमा विचलित नहोउन् भन्ने उद्देश्यले उज्यालोको व्यवस्थास्वरूप दियो बाल्ने गरिन्छ । यो पर्व मान्नुका पछाडि अन्य कतिपय मान्यता पनि रहेका छन् जस्तै : यही दिन भगवान् श्रीरामचन्द्रजीले चौध वर्षसम्मको वनवास व्यतीत गरी अयोध्या आइपुगेका थिए, तब अयोध्यावासीले रामचन्द्रको राज्यरोहण उपर दीपमाला जगाएर महोत्सव मनाइएको दिनका रूपमा पनि यस पर्वलाई लिने गरिन्छ । भनिन्छ, यही दिन भगवान् विष्णुले राजा बलिलाई पाताललोकका इन्द्र बनाइदिएका थिए र इन्द्रले पनि सुरक्षित स्वर्ग पाएको खुसियालीमा दीपावली मनाउने चलन चलाएका थिए ।

यही दिन समुद्र मथनको अवसर पारी क्षीरसागरबाट लक्ष्मीमाता प्रकट भएकी थिइन् साथै उनले भगवान् विष्णुलाई आफ्ना पतिका रूपमा स्विकार पनि गरेकी थिइन् । यस अर्थमा पनि उनको स्वागतका खातिर मानिसहरू यो पर्व मनाउने गर्छन् । यही बेला कृषकका घरघरमा नयाँ अन्न प्राप्त भै भित्रिने हुनाले यसको खुसियालीमा पनि बत्ती बाल्ने कार्य गरिन्छ । सोही दिन गुप्तवंशीय राजा चन्द्रगुप्त विक्रमादित्यले आफ्नो 'विक्रम संवतसर' को स्थापना पनि गरेका थिए । उनैले धर्म, गणित तथा ज्योतिष विज्ञानका दिग्गज विद्वान्हरूलाई आमन्त्रण गरी यस्तो शुभ मुहूर्त प्रचलनको थालनी गराएका थिए ।

दीपावलीका बारे एक सुप्रसिद्ध मान्यता के रहेको छ भने मूलतः यो पर्व खासगरी यक्षहरूको उत्सवको समयावधि पनि हो । दीपावलीका बेला रातको समयमा यक्षले आफ्ना राजा कुबेरका साथमा रहेर उत्सव मनाउने गर्दछन् । यस उत्सवमा गरिने विभिन्न मनोरञ्जनका कार्यक्रम भनेकै उनै यक्षहरूको देन हो । सभ्यताको विकासका क्रममा धनका देवता कुबेर सँगसँगै धनकी देवी लक्ष्मीलाई मानवीय जगत्मा पूजा गर्न थालियो किनकि कुबेरजीको मान्यता यक्ष जातिहरूबीच रहेको पाइन्छ तर लक्ष्मीजीको मान्यता भने देव तथा मानव दुवै जातिमा उत्तिकै रहेको पाइन्छ । माता लक्ष्मी केवल धनकी मालिक्नी मात्र होइनन्, उनी त ऐश्वर्य एवम् सुखसमृद्धिकी स्वामिनी पनि हुन् र गणेशजी चाहिँ सम्पूर्ण ऋद्धिसिद्धिका दाता हुन् । त्यसैले लक्ष्मीजीका साथमा गणेशजीलाई पनि सँगसँगै राखेर पूजा गर्ने गरिन्छ ।

दीपावलीमा 'शुभलाभ' शब्दको अधिकाधिक प्रयोग गरिन्छ । घरैपिच्छे 'शुभलाभ' लेखिन्छ । 'शुभ' भन्ने शब्द गणेशजीको प्रतीक र 'लाभ' भन्ने शब्द माता लक्ष्मीको प्रतीक मानिन्छ ।

दीपावलीसँगै अर्को एक पौराणिक कथन पनि जोडिएको छ । राजा बलिले देवताहरूका साथमा देवी लक्ष्मीलाई पनि कुनै समयमा बन्दी बनाएका रहेछन् । लक्ष्मीलाई मुक्ति दिलाउनका लागि भगवान् विष्णुले 'वामन' भगवान्को अवतार धारण गरी मुक्त गराएको पाइन्छ । उक्त अवसरमा राजा बलिले भगवान् विष्णुद्वारा वरदान प्राप्त गरेका रहेछन् । धनतेरस/धन्वन्तरी, नरकचतुर्दशी वा आमावस्या/औंसीका दिन दीपक/बत्ती बाल्नाले माता लक्ष्मीको कृपा प्राप्त हुने कुरामा विश्वास गरिन्छ । यसप्रकार दीपावली पर्वमा बत्ती बालेर ऐश्वर्यकी देवी लक्ष्मीमाताको विशेष पूजाआजा गर्ने प्रचलन चलिआएको हो भने विवेकका देवता अर्थात् विघ्नकर्ता भगवान् गणेशको समेत पूजाआराधना गर्ने चलन चलिआएको हो ।

भारतका विभिन्न राज्य र प्रान्तमा तिहारलाई विभिन्न रूपमा मान्ने गरिन्छ । वनवासपश्चात् श्रीरामचन्द्रको अयोध्या गमनलाई उनको दोस्रो जन्म भएको हो भन्ठानेर केरलामा केही आदिवासी जातिहरू दीपावलीलाई रामचन्द्रको जन्मदिवसका रूपमा पनि मनाउने गर्छन् । गुजरातमा उनलाई साक्षात लक्ष्मीकै प्रतीक मानेर दीपावलीका दिन नुन खरिद गर्ने वा बेचबिखन कार्य गर्नुलाई शुभकार्यको थालनी मान्ने गरिन्छ । राजस्थानमा दीपावलीका दिन घरको एउटा कोठालाई सजाएर, रेशमको गद्दा बिछ्याएर मेजमानी स्वरूप बिरालोलाई स्वागत गरिन्छ । बिरालाले खाओस् भनेर उसका लागि विभिन्न मिठाइका परिकारहरू, खीर आदि खानेकुरा राखिदिइन्छ । यदि बिरालाले राखिदिएको उक्त खाद्यान्न सम्पूर्ण रूपमा खाइदिएमा वर्षभरिका निम्ति उक्त कार्य शुभ भएको ठहरिन्छ, साक्षात लक्ष्मीको आगमन भएसरह मानिन्छ ।

उत्तराञ्चल प्रान्तका थारू आदिवासीहरू आफ्ना मृतक पूर्वजहरूको सम्झना गर्दै दीपावली पर्व मनाउने गर्छन् भने हिमाञ्चल प्रदेशका केही आदिवासी जातिहरू चाहिँ उक्तदिन यक्षको पूजा गर्ने गर्छन् । पश्चिम बङ्गाल र उडिसामा यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वलाई कालीको पूजा गर्ने दिनका रूपमा लिइने गरिन्छ । सोही दिन स्वामी रामकृष्ण परमहंसलाई माता कालीले साक्षात दर्शन दिएकी थिइन्, त्यसैले उक्त दिनमा बङ्गाली समाजमा कालीको पूजा गर्ने चलन छ । यसरी विभिन्न राज्यमा दीपावली चाडको महत्त्व र पूजनपद्धति आआफ्नै किसिमको रहेको छ ।

दीपावलीको ठीक दोस्रो दिन 'कार्तिक शुक्ल प्रतिपदा' मा अन्नकूट पर्व मनाउने गरिन्छ । त्यही दिन गोवर्धन पूजा पनि हुन्छ । यसलाई महत्त्वपूर्ण दिनका रूपमा लिइन्छ किनकि यसैदिन भगवान् श्रीकृष्णले व्रजवासीहरूलाई मुसलधारे बर्षाबाट बचाउनका लागि सात दिनसम्म गोवर्धन पर्वतलाई आफ्नो सबैभन्दा छोटो औंलाले उचालेर राखेका र यसैका मुनि सबै गोपगोपिनीहरूलाई आश्रय दिएका थिए । यसप्रकार उनले इन्द्रको अभिमानलाई चुर परिदिएर उसले गर्दै गरेको पूजा बन्द गराएर गोवर्धन पूजा गर्ने चलनको आरम्भ गराएका थिए । यसैका लागि गोकुलवासीहरूले धुमधामसँग गोवर्धन पर्वतको पूजा गरी उत्सव मनाएका थिए ।

हिन्दु धर्ममा गाई पूजनीय मानिन्छिन् । शास्त्रका अनुसार गाईलाई गङ्गानदी समान पवित्र मानिन्छ । गाईलाई लक्ष्मीमाताको रूपमा समेत लिइन्छ । उक्तदिन गाईकै गोबर स्थापना गरी पर्वत बनाएर पूजा गरिन्छ । गाईलाई अनेक प्रकारका खानेकुरा दिई भव्यरूपमा सजाएर गाईको पूजा गरिन्छ ।

कार्तिक शुक्ल द्वितीयाका दिन 'भाइपूजा' मानेर भाइटीका पर्व मनाइन्छ । भनिन्छ, उक्त दिन अब यमराज आफ्नी बहिनी यमुना, 'यमी' कहाँ पुगे तब यमीले आफ्ना दाजु यमराजको खुबै सेवा गरेकी थिइन् । यही कार्यबाट खुसी भएर नै यमराजले बहिनी यमुनालाई धेरै धेरै आशीर्वाद दिएका थिए । अतः उक्त दिन दिदी वा बहिनीले आफ्ना दाजुभाइलाई टीका लगाइदिएर सुखसमृद्धिको मङ्गलमय कामना गर्दछिन् साथै उज्ज्वल भविष्यको लागि प्रार्थना गर्दछिन् । यसका अतिरिक्त उक्त दिन कायस्थ समाजमा भगवान् चित्रगुप्तको पूजा समेत गर्ने गरिन्छ । उनीहरूले आफ्ना बहीखाता, लेखनी आदिको पनि पूजा गर्ने गर्दछन् । दीपावली पर्वलाई यमपञ्चक पर्व भनेर पनि भनिन्छ । यमपञ्चकमा धनतेरस, काग, कुकुर, गाईगोरू, दाजुभाइ आदिको पूजाआजा गरी यो चाड पाँचदिनसम्म मनाइन्छ । टाढा टाढादेखिका दाजुभाइ र दिदीबहिनीहरू एक आपसमा भेटघाट गरी एक अर्कालाई पूजाआजा गरी आशीवार्द दिने र लिने गर्दछन् ।

पाँच दिनसम्म मनाइने तिहार पर्वलाई सबैले प्रतिक्षा गरी स्वागत गर्दछन् । यस पर्वलाई आनन्द र उत्साहको पर्वका रूपमा लिइन्छ । मुख्य गरी यो पर्व दीपहरूको प्रकाशको उत्सव हो । रङ्गीबिरङ्गी बिजुलीका बल्बहरू बाल्नु भन्दा माटाका दियामा तेल होलेर रूईका बत्ती राखेर दियो बाल्ने लोकपरम्पराले आज पनि आफ्नो लोकसंस्कृतिलाई आलोकित पारिरहेको छ । यसरी वातावरणमा भरिएको घना अँध्यारो र हानिकारक जीवाणु एवम् कीटपतङ्गलाई समन गर्न सकिन्छ भन्ने कुरामा पूर्ण विश्वास गर्न सकिन्छ ।

दीपावलीमा बालिएको थोरै प्रकाशले पनि अन्धकारको नाश गर्दछ, देख्नमा बलेको दियो सानै देखिन्छ तर उसका छेउछाउ पुगे कोही पनि धेरै बेरसम्म टिकिरहन सक्तैन । ऊ जल्न सक्छ, दीपबाट फैलिएको प्रकाशले टाढा टाढासम्म उज्यालो फिँजाउन सक्तछ, आफ्नो सुगन्ध बाँड्न सक्तछ, आफ्नो अस्तित्वको बोध गराउन सक्तछ ।

बलिरहेको दियोले ज्ञान र सतोगुणको प्रसार गरेमा तमोगुण र अज्ञानताको अस्तित्व कदापि रहन सक्तैन भन्ने प्रेरणा प्रदान गर्दछ । अँध्यारो समयमा नै जघन्यतम पापकर्म गरिन्छ । अँध्याराको आश्रय पाएर नै अज्ञानता फल्ने फुल्ने गर्छ र अज्ञानताको साम्राज्यलाई बढाउने गर्छ तर विवेकरूपी प्रकाशले त्यस्तो अज्ञानयुक्त अन्धकारलाई एक पलमा नै समाप्त पारिदिन्छ ।

यस दीपावलीको अवसरमा हामीले पनि शुभ सङ्कल्प गर्न सकौं, समाजमा फैलिरहेको अज्ञानतारूपी अन्धकारबाट उब्जिएका कुप्रवृत्तिहरू, रूढिवादी विचार र कुपरम्पराहरूलाई विवेकरूपी दियोको उज्यालोले सारा अन्धकार हटाउन सकौं र आफ्नो समाजमा स्वस्थ परम्परालाई आश्रय दिन सकौं । यस्ता समयमा अनावश्यक रूपमा आतसबाजी र पटकाहरूको प्रयोग नगरौं । शान्तिपूर्वक प्रकाशको आगमन गराएर आआफ्नो घरपरिवार र अन्तर्मनलाई नै प्रज्ज्वलित गर्न सकौं । ❖

(अखण्डज्योति हिन्दी संस्करणबाट अनुदित)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धार्मिक आस्थासित जोडिएको बेल

-मायादेवी शर्मा

पाकेको बेलको फलसहित अन्य पाहुर (कोसेली) लिएर एक जना सज्जन, साहित्यकार मित्र हामीलाई भेट्न आए । मैले त्यो बेलको फल भगवान्को पूजाकोठामा लगें । प्रभुलाई अर्पण गरें । त्यो बेल फोरें । चम्चाले निकालेर घरमा भएका सबै जनालाई प्रसाद दिएँ । म गाउँमा हुँदा रूखमै पाकेको बेलको फल टिपेर खाएकी छु । बेलको फल देखेपछि मेरो मन अतीतमा फर्क्यो ।

धर्तीमा भएका वृक्षले हामीलाई दिने प्राकृतिक सौन्दर्य, अक्सिजन र जमिनको सुरक्षाको महत्त्व भनेर अनि गनेर साध्य छैन । हाम्रो संस्कृतिमा वृक्षवनस्पतिमा पनि देवताको वास हुन्छ भन्ने मान्यता छ । त्यसैले कतिपय वृक्ष पूज्य छन् । बर, पिपल, समी आदि । हाम्रो धर्म संस्कृतिमा तुलसीको छुट्टै महिमा छ । बेलको पनि विशेष महत्त्व छ ।

दुई अक्षरको नाम लिएको बेलले धार्मिक महत्त्व बोकेको छ । बेलपत्र भगवान् भोलेनाथलाई मन पर्छ भन्ने जनविश्वास छ । शिवजीको पूजा जहाँ छ, त्यहाँ पूजाका सामग्रीसित बेलपत्र हुन्छन् । शङ्कर भगवान्को पूजा गर्दा जौ, तील, अक्षता र सलक्कका कतै नच्यातिएका नटुटेका १०८ बेलपत्र, फूलआदि चढाउने प्रचलन छ, साथै माथि भनिएजस्तै बेलका पातको माला बनाएर महादेवलाई अर्पण गरिन्छ ।

बेलपत्र महादेवलाई अर्पण गर्दा पढ्ने श्लोक यस्तो छ-

त्रिपत्रं त्रिगुणाकारं त्रिनेत्रं च शिवप्रियम् ।
त्रिजन्मोत्थं हरेत्पापं विल्वपत्रं शिवार्पणम् ॥

तीनपात भएको, तीनगुण अर्थात् सत्वगुण, रजोगुण र तमोगुणको प्रतीक भएको, तीनजन्मको पाप निर्मूल गर्ने बेलपत्र भगवान् शिवजीको प्यारो वस्तु हो, जुन शिवजीलाई अर्पण गरिन्छ । मलाई मेरा अग्रजले यस्तो अर्थ भनिदिनुभएको छ । भगवान् शिवलाई मन पर्ने वस्तु भगवती पार्वतीलाई मन पर्छ भन्ने भनाइ छ । अतः यो बेल भगवती पार्वतीको प्रिय वस्तु हो । हाम्रो देश शिवपार्वतीको देश हो । यहाँ यत्रतत्र भगवान् शिव र भगवती पार्वतीका पीठ छन् मन्दिर छन् । अनेक शिवलिंग छन् । तिनको प्रिय वस्तु मानिएका बेलपत्र वा बेलफल चढाएर हामीले आफ्नो आस्था जोगाउँछौं ।

मेरो कर्मघर बागलुङ जिल्लाको जैदी रोहोटेमा हो । त्यहाँ बेलका रूख प्रसस्त छन् । जैदी रोहोटेको गाउँबाट दक्षिणतिर झरेपछि टाकुराको चौतारो आउँछ । त्यहाँ ज्ञानज्योति प्राथमिक विद्यालय छ । त्यस ठाउँबाट गाउँलेका खेत, नागवेली आकार बनाउँदै गर्भमा शालिग्राम बोकेर सुसाउँदै बगेकी कालीगण्डकी, छिमेकी गाउँ छिस्तीका कैयौं दृश्य, पर्वत जिल्लाको शूलीकोटको पहाड लगायत केही ठाउँ यहाँबाट देखिन्छन् । अझै ओरालो लागेपछि चिलाउनी, साल, आँपका साथै बेलका रूखहरूको जङ्गल छ । यही वनका अनेक रूखलाई आफ्नो बास बनाएर चराचुरुङ्गी बसेका हुन्छन् । कोइली, ढुकुर, काफल पाक्यो, लामपुछे, धोबिनी, रानीचरी, डाङ्ग्रे(रूपी), जुरेली आदि विभिन्न जातका चराचुरुङ्गीको मिठो आवाज यहाँ ब्रह्ममुहूर्तबाटै सुन्न पाइन्छ । केहीबेर यो बाटो ओरालो झरेपछि रोहोटेमा बस्ने गाउँलेको गहुँ, धान, मकै लगायत अन्य अनाज तरकारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

फलाउने फाँट छ । यो फाँटमा गाउँलेहरू केही न केही काममा व्यस्त देखिन्छन् । यही फाँटलाई छेडेर फराकिलो कालीगण्डकी कोरिडोर राजमार्ग बनेको छ । यो मोटर बाटो मुक्तिनाथ पुग्छ । यो बाटो खुलेपछि लौवाको खेतमा फाटफुट घर बनेका छन् । लौवाको फाँटको कुनै छेउबाट कालीगण्डकीतिर झर्ने बाटो छ । जसलाई टापुको गाई चराउने खरबारको नामले चिनिन्छ । यही खरबारीको बाटो हुँदै केही तल ओर्लेपछि कालीगण्डकीमा बनेको झोलुङ्गे पुल छ । त्यो तरेपछि पर्वत जिल्लामा टेकिन्छ ।

टापुको खरबारी वरपर बाँस, साज, काभ्रो, साल, बर, पिपल, बेल र अन्य जातका रूखहरू छन् । यी रूखका हाँगामा बाँदर यताबाट उता र उताबाट यता गरेको देखिन्छ । यिनै बाँदरले खेतीमा आएर दुःख दिन्थे । खेतमा लगाएका सबै चिज बाँदरबाट जोगाउन फाँटको छेउछेउमा भालथारो बनाएका हुन्थे । यो भालथारो बाँदर हेर्न बसेका व्यक्ति घाम पानीबाट जोगिनलाई बनाइन्थ्यो । त्यहीँ बसेर बेलका फल टिपेर खाइथ्यो ।

गाई चराउने खरबारीबाट केहीबेर ओरालो ओर्लेपछि लौवा खोलो आउँछ । यो तरेर केही मिनेट नुहारको छेउमा पाइला चालेपछि चौर खोलो तरिन्छ अनि बेलबगर आउँछ । त्यो ठाउँमा कुनै समयमा बेलका वृक्षहरू भएर बेलबगर नामले प्रसिद्ध भएको हुनपर्छ । मैले देख्दा बेलबगरमा सानासाना बेलका केही पोथ्रा थिए । त्यो जमिन कालीगण्डकीको किनारमा रहेको छ । त्यहाँ ठूली एकादशीको दिन मेला लाग्छ । त्यहाँ मेला हेर्न आएका मानिसहरू खचाखच हुन्छन् । यो ठाउँमा बेलका बोट देखिन्छन् । बेलबगरमा श्री संस्कृत उच्चमाध्यमिक विद्यालय, प्रहरीचौकी, राधाकृष्ण मन्दिर, आयुर्वेद औषधालय, कुटपिस गर्ने, तोरी पेल्ने मिसिन छन् । बरको ठूलो रूख पनि छ । बरको रूखबाट केहीबेर कालीगण्डकी बगेतिरै हिँडेपछि यिनै गण्डकीको तीरमा गाईथुने नामले परिचित ठाउँ छ । यहाँ तपस्या गरेर बसेका तपस्वीलाई मैले पनि भेटेकी छु । यो ठाउँमा वर्षौं तयस्या गरेरपछि गायत्री पुरश्चरण गरेका व्यक्ति पनि मैले चिनेकी छु । त्यो पुण्यस्थल मानिन्छ ।

हाम्रो समाजमा कैयौं कुरा चल्दै आएका छन् । यस्तै चलन हो- विशेष मानिने दिन एकादशी, सङ्क्रान्ति, औंसी, पूर्णिमा आदि हुन् । विशेष मानिने महिना वैशाख, श्रावण, कार्तिक, माघमा भक्तजनहरूले कालीगण्डकीका जुनसुकै घाटमा नुहाउने प्रचलन पुर्खौंदेखि सर्दैआएको छ । लौवा र बेलबगरका घाटमा पनि भक्तजनहरूले नुहाएर घर फर्कन उकालो लाग्दा एउटा हातमा कालीगण्डकीको जल भरेको बोतल र अर्को हातमा हरिया सलक्कका रूखमै रोजेर टिपेका बेलका पात र कसैकसैका हातमा यस्तै पात भएका सानासाना बेलका हाँगा समातेर हिँडेका देखिन्छन् । साउन महिनामा यस्तो दृश्य बाक्लो देख्न पाइन्छ ।

जैदी रोहोटकै छोरेलौवा र बिराउनी लगायत अन्यत्र पनि बेलका रूख छन् । मैले यी रूखबाट पनि नच्यातिएका बेलपत्र टिपेर ल्याउँथें । घरमा पूजा गर्दा भोले बाबालाई अर्पण गरिन्थ्यो ।

राजधानी छिरेपछि पनि म बेलपत्र किन्न पूजाका सामग्री भएको पसलमा पस्छु । बेलपत्र किन्दा ताजा अनि सबै नच्यातिएका पसलमा कहाँ पाइन्छन् र ? यस्तो त एकादेशको कथा जस्तै हुन्छ । मैले सानैबाट सुन्दै आएको उखान छ- नहुने मामाभन्दा कानो मामा निको । जस्ता बेलपत्र भेटाउँछु त्यस्तै किन्छु । माता देवीभगवती र बाबा भोलेनाथलाई अर्पण गर्छु । मैले बाल्यकालबाट भगवान्लाई भाव चाहिन्छ भनेको सुनेकी छु ।

हाम्रो देशमा मठमन्दिर प्रशस्त छन् । यो भूमिलाई यिनै देवी देवताले सुरक्षा गरेका छन् । हामीले पूजा गरिने देवीदेवतालाई भिन्न भिन्न जातका फूल, दुबो, तुलसी बेल आदि चढाउने प्रचलन छ ।

पञ्चपल्लवमा गनिने बर, पिपल, डुम्री, आँप र पाखरी हाम्रा पुर्खाले रोपेर गए । कति पाखापखेरा, वनजङ्गलमा यी लगायत अरू कैयौं बिरूवा उम्रेका छन् । तिनको महिमा बेग्लै छ ।

शिवजीका विशेष दिन शिवरात्रि, सोमवार, साउन महिना हरितालीका (तीज) आदि पर्वमा बेलपत्र किनेर, टिपेर जसरी हुन्छ खोजी खोजी अर्पण गर्ने चलन छ । उसो त हामीले यस्ता महत्त्वपूर्ण वृक्षवनस्पतिको रक्षा गर्नुपर्छ, अझ यस्तो धार्मिक आस्थासित जोडिएको बेलका बिरूवा रोप्ने र भएका बोटलाई सुरक्षा गर्नु हामी सबैको कर्तव्य हो । ❖

-कैलासकुञ्ज, बूढानीलकण्ठ, काठमाडौं

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महादेवको वाहन नन्दी किन ?

हरिप्रसाद सोडारी

देवीदेवता एवम् तिनका वाहन, द्वारपाल, सेना, सुरक्षागण आदिको शारीरिक संरचना अचम्मका छन् । कोही हात्ती र भालु, कुनै सिंह र मुसा, केही कुकुर र गोरूजस्ता अर्थात् झट्ट हेर्दा त हाँसो उठ्ने, काल्पनिक कथाजस्तो लाग्ने । शास्त्रका बिम्ब र रूपकलाई वैज्ञानिक तथा दार्शनिक दृष्टिले चिन्तन, अनुसन्धान र व्याख्यान गर्नुपर्छ । महादेवको वाहन नन्दीलाई शास्त्रको अध्ययन नगर्नेले गोरू ठाने । गाई र गोरूको सन्तान नभएर नन्दी त शिलाद ऋषिका पुत्र हुन् ।

शिलाद ऋषिले महादेवलाई प्रसन्न गरी मानसपुत्रका रूपमा शिवकै अंशस्वरूपमा नन्दीलाई प्राप्त गरे । सात वर्षकै उमेरमा नन्दी सम्पूर्ण शास्त्र एवम् शस्त्रमा पारङ्गत भए । एक दिन महादेवको आज्ञाले मित्र र वरूण ऋषि शिलादका आश्रममा पुगेर नन्दीको आयु एक वर्षमात्र भएको बताए । पुत्रशोक पर्ने विषयले चिन्तित भएका शिलादलाई सम्झाउँदै नन्दीले मृत्युलाई जित्न महादेवको ध्यान गर्न थाले । उनको तपस्याबाट प्रसन्न भएका महादेवले नन्दीलाई आफ्नो अङ्गरक्षक बनाई आफ्नै स्वरूप प्रदान गरे । (शिव की अनुग्रह मूर्तियाँ पृ. १२४)

यसकारण नन्दीलाई महादेवको दोस्रो रूप पनि भनियो-

पार्षदानां वरिष्ठस्त्वं मामकानां द्विजोत्तम ।
नन्दीश्वर इति ख्यातो भविष्यसि न संशयः ॥
द्वितीयां मे तनुं त्वां तु नमस्यन्ति ॥ -वाराहपुराण (२१३।६९-७०)

महादेवलाई गणेशको शिरमा हात्तीको टाउको जोड्न एवम् दक्षप्रजापतिको यज्ञ नाश गर्न नन्दीले सहयोग गरेका थिए । नन्दीको स्वरूप पहिले बाँदरको जस्तो थियो । उनको रूप देखेर हाँसेका रावणलाई नन्दीले बाँदरका सेनाले नाश गरून् भनी सराप दिए । महादेवले नन्दीको क्षमता र विद्वतालाई कदर गरी कमलबाट बनेको शिरोमाला गलामा लगाइदिए । यहीकारण नन्दीको घाँटीमा कमलको माला हुन्छ । नन्दीले महादेवकै आशीर्वादबाट चौधसूत्रहरूको सार र अर्थ सत्ताइस कारिकामा उजागर गरिदिए -

अस्य सूत्रजालस्य तत्त्वार्थं नन्दिकेश्वर
जानातीति तं नन्दिकेश्वरं प्रणिपत्य पृष्टवन्तः ।
तेषु पृष्टवत्सु सप्तविंशतिकारिकारूपेण तत्त्वं
सूत्राणामुपदेष्टुमिच्छन्निदमाचष्ट ॥

-तत्त्वविमर्शिनीव्याख्या

उनी पशु भए १४ सूत्रको गूढार्थ व्याख्या गर्ने, युद्धमोर्चा सम्हाल्ने थिएनन् ।

स्थितं वा शयितं वाऽपि यथा योग्यं तथाचरेत् ।
सुधालोहैः फलैर्द्रव्यैर्यथा योग्यं तथा चरेत् । -मयमतम् (२३।१२८)

अर्थात् "सुधा, फलाम आदि धातु वा योग्य द्रव्यबाट नन्दीको मूर्ति उभिएको, बसेको वा अन्य मुद्राका मूर्ति बनाइन्छ ।" शिवालयमा नन्दीको मूर्तिलाई पूर्वमुख वा उत्तरमुख गराएर राख्नुपर्छ-

द्वारे तऽदक्षिणे नित्यं त्वया स्थेयं गणाधिपः ।
वामे तु विभुना चापि महाकालेन सर्वदा ॥ -वाराहपुराण (२१३।७५)

शिवको उपासक एवम् महादेवका वाहन सम्झेर साँढेलाई शिवालयमा छोड्ने चलन छ । भैरवको मन्दिरमा बोका, शिवालयमा साँढे, देवी वा बुद्धको मन्दिरमा परेवा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अर्पण गरी अनेक लाभ मिल्छ । कतिपय मठमन्दिरमा तिथिविशेषमा अनौठो स्वरूपका नाग, पशुपंक्षी आदि आउँछन् । देवी, भगवान् राम वा शिवालयमा प्रायः बाँदर हुन्छन् । देवी शक्तिकी स्रोत, राम धैर्यका प्रतीक, महादेव ज्ञानका मूर्ति भएकाले यहाँ हनुमानका वंशज स्वतः आउँछन् । ऋषिको सरापले गर्दा हनुमानले आफूमा रहेको क्षमता भुले । समुद्र पार गरेर लंका जाने शक्ति उनमा रहेको जानकारी जाम्बवानले गराए । रामको प्रियपात्र हुनाले राममन्दिरअगाडि, महादेवको स्वरूप हुनाले शिवालयमा हनुमानको मूर्ति स्थापना गरिन्छ ।

कतिपय मठमन्दिरनजिकै रहेका जलाशयमा विचित्र प्रकारका माछा हुन्छन् । तनहुँको छाब्दीबराहमा पाइने माछा समुद्रबाहेक अन्यत्रको पानीमा जीवित रहन सक्दैनन् । साना कुवामा उनीहरू कसरी जीवित छन् ? आश्चर्यको विषय छ । शेषनारायणको ऊर्जामा माछाले सुन्दरता बढाउँदै सूक्ष्मतत्त्वलाई बुझ्ने शक्ति दिएको छ । वेदव्यासकी आमाको नाम मत्स्यगन्धा थियो । मादी र सेतीको दोभानमा डुङ्गा चलाएर आय आर्जन गरी बुबालाई सहयोग गर्दथिन् । पराशर ऋषि र मत्स्यगन्धाबाट जन्मिएका वेदव्यासको जन्मभूमि तथा कर्मभूमि यहीँ हो भनी योगीराज नरहरिनाथले उजागर गरिदिनुभयो । यहाँका माछाले वेदव्यास, पराशर र मत्स्यगन्धाको इतिहासलाई सुरक्षित गरेका छन् । हरेक देवीदेवताका वाहनले इतिहास, पौरस्त्य ज्ञान, विज्ञानका रहस्य, तन्त्रको गोपनीयता आदिलाई उजागर गर्छन् ।

शिवालयअघि रहेका नन्दीको दायाँ खुट्टा पूर्णरूपमा खुम्चाएको, देब्रे खुट्टा उठ्न लागेको स्वरूपमा देखिन्छ । नन्दीलाई शिवालयको पश्चिमढोकामा शिवलिङ्गलाई देख्ने गरी सम्मुखमा राख्नुपर्छ । भनिएको पनि छ-

वृषस्थानञ्च कर्तव्यं शिवलोकनसम्मुखं ।

-पशुपतिमतम् (पृ. १६, शिवोपनिषद ४।९९)

राममन्दिरमा हनुमान एवम् शिवालयमा नन्दीले क्रमशः राम र शिवलिङ्गलाई देख्ने गरी राखिन्छ । देवीमन्दिरमा सिंह, गणेशमन्दिरमा मुसालाई मूर्तितर्फ नभई बाहिर फर्काइएको हुन्छ । वाहनले मूर्तिलाई हेरेको मन्दिरबाट अनेक शक्ति प्राप्त गर्नका साथै साधना छिट्टै फलीभूत हुन्छ । वाहन र इष्टदेवबिच शक्ति प्रवाह भइरहने हुनाले यिनीहरूको बिचबाट हिँड्न हुँदैन । यस्ता मूर्तिमा गरेको पूजा, उपासनाबाट लौकिक फल (जग्गाजमिन, जागिर, पुरस्कार, धन, पुत्रादि)सहित मोक्ष पनि मिल्छ । नेपालमा रहेका कामदेव र भैवरका मूर्तिमा ऊर्ध्वलिङ्ग (लिङ्गमाथि गएको देखिन्छ । ऊर्ध्वरेता (वीर्यमाथितिर गए) भएमात्र सिद्धि र मुक्ति प्राप्त हुन्छ, अधरेता (वीर्यपतन) हुँदा सन्तान जन्माउँछ, वासना पूरा गर्छ । देवी वा साधिकाहरूको मूर्तिमा स्तन झोलिएको नभई कसिलो अर्थात् अविवाहिताको जस्तो देखाइन्छ । यसले पोषण, पालन, उर्बरता र संरक्षिकाको बोध गराउँछ । झट्ट हेर्दा यो नग्नता र अश्लिलताजस्तो लागे पनि साधना र सूचनाका दृष्टिले यस्ता मूर्ति महत्त्वपूर्ण हुन्छन् । नेपालका विष्णु, देवी, भैरव, कामदेवका मूर्ति अन्यत्रको भन्दा ओजस्वी, ऊर्जाशील र आशीर्वादमूलक छन् । नेपालमा महालक्ष्मी, महासरस्वती, दुर्गा, महाकालीको पूजा हुन्छ अन्यत्र लक्ष्मी, सरस्वती र कालीमात्र भेटिन्छन् । यसकारण अन्य मूर्तिमा एक सय माला जप्नु र नेपालका प्राचीन मूर्तिमा एक माला जप्दा समान फल मिल्छ । बारम्बार सन्तान खेर गएमा भैरव, देवी वा कुलदेवताको पूजा गरिन्छ । नाङ्गो मूर्तिले शास्त्रको सार, विज्ञानको निचोड, साधनाको सूचनालाई बताउँछ, यही महत्ता बोकेको हुन्छ शिवालयको नन्दीले पनि । नन्दी वाहनमात्र होइन ज्ञान र वेदको प्रतीक भएकाले सधैं ज्ञानमूर्ति (शिवलिङ्ग)लाई हेर्छ । जागरण र धैर्यलाई बुझाउन नन्दीको मूर्ति शिवको आज्ञा मिल्न साथ उठ्ने स्वरूपमा शिवालयमा पूर्वाभिमुख गरी राखिन्छ ।

सिसृक्षोर्ब्रह्मणः पूर्वं स्तनाद्धर्मो विनिर्गतः ।
वृषरूपश्चतुर्वेदचतुःपादः शुभाकृतिः ॥
ज्ञानं वैराग्यमत्युग्र यस्य श्रृङ्गद्वयं प्रिये ।
सत्यं तपः कर्णयुग दमो दानं तु चक्षुषी ॥
लाङ्गुलमस्य चैश्वर्यं रोमावलिः पुण्यसन्ततिः ।
ते नस्पृष्टाः प्रजाः सर्वा :शुद्धसत्त्वा बभू विरे ॥

-माहेश्वरतन्त्र, ज्ञानखण्ड २७।१९-२१)

अर्थात् "सृष्टिको इच्छा गर्ने ब्रह्माको स्तनदेखि पहिले धर्मको उत्पत्ति भयो । नन्दीरूपका चार खुट्टा नै चार वेद थिए । ज्ञान र वैराग्य स्वरूपका दुई सिङ्ग, सत्य र तपका दुई कान, दम(इन्द्रिय निग्रह) एवम् दान नन्दीका दुई आँखा, पुच्छर ऐश्वर्यवाला, पुण्यहरूको समूह यसको रौं हुन् ।" शिवलिङ्गमा मात्र नन्दी राखिन्छ, महादेवको मूर्तिअगाडि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नन्दी राखिँदैन, महादेवको झण्डामा राखिन्छ । शिवको पहिलो सृष्टि एवम् परमभक्त महादेव हुन् । "स्थिरलिङ्गे वृषः पूज्यो न चले वृषभः स्मृतः" अर्थात् स्थिर शिवलिङ्ग भएको शिवालयमा मात्र नन्दी राखिन्छ, दैनिक पूजा गरेर विसर्जन गर्ने शिवलिङ्गमा नन्दी राख्नुपर्दैन । नन्दी वास्तवमा गोरूविशेष होइन सर्वशास्त्रका ज्ञाता एवम् ऋषिका छोरा हुन् । शिवका परम उपासक नन्दीले महादेवलाई आवश्यक सूचना दिन्छन् । (शिवपुराण, वायवीयसंहिता ४१।२८-२९)

मठमन्दिरका बनोट, देवीदेवताका वाहन, मूर्तिको स्वरूपले कुन मन्त्र वा तन्त्रद्वारा, कस्तो सामग्री र समयमा, कुन विधि र विधानबाट पूजा वा साधना गर्दा के लाभ हुन्छ भन्ने जानकारी दिन्छ । महादेवलाई साँढेमाथि चढ्ने, डमरू बजाउने, खरानी घस्ने, नग्न बस्नेजस्ता उपमा दिएर गूढरहस्य बताउन, तत्त्वज्ञानको उजागर गर्न खोजिएको हो । डामेर छोडेका साँढेमाथि महादेव चढेका होइनन् । महादेवको हातमा रहेको डमरूले संगीतज्ञ, त्रिशूलले तीन गुण विजयी, बाघको छालाले त्याग, नागले प्रकृति संरक्षक, शिरकी गंगाले जीवन संरक्षण भएको बताउँछ । तन्त्र साधना एवम् जागरणका लागि डमरू उपयोगी वादन हो । एकतारे, दमाहा, डमरू, डम्फू, धिमेबाजा, ढ्याङ्ग्रो, काहाल आदिलाई तन्त्र, उपचार, शक्तिसञ्चार, तामसिक शक्ति भगाउने लगायतका कार्यमा सदुपयोग गरिन्छ । यी तान्त्रिक बाजा हुन्, जसको ध्वनिबाट संगीतलाई मात्र होइन संसारलाई संरक्षण गर्छ । धामी, झाँक्री, फेदङ्वा आदिले ढ्याङ्ग्रो बजाउँछन्, त्रिशूलले कोर्छन्, खरानीको टीका लगाइदिएर परम्परा र साधनालाई संरक्षण गरिरहेका छन् । विधिपूर्वक बनाएर घरमा राख्दा अनेक लाभ मिल्छ । हाम्रा बाजा, खाना, घर, मन्दिर, पहिरन, हतियार, साधना आदिमा तन्त्र र मन्त्रको प्रचूरता भएकाले हाम्रा पुर्खाहरू आर्य बने, यो भूमिलाई आर्यावर्त भनियो, हामी ऋषिमुनिका सन्तान भयौं ।

क्षमाश्रृङ्गाङ्गः शमश्रोत्रो वेदध्वनिविभूषितः ।
आस्तिक्यचक्षुर्निश्वासगुरुबुद्धिमना वृषः ॥

-शिवपुराण (विद्येश्वरसंहिता १७।८६)

अर्थात्, "त्यो धर्मरूपी साँढेका क्षमारूपी सिङ छन्, मानसिक स्थिरता एवम् शान्तिरूपी त्यसका कान छन्, उक्त साँढे वेदध्वनिले सिँगारिएको छ, त्यसका आस्तिक बुद्धिरूपी आँखा छन्, वेदाक्षर त्यसको निश्वास छ, मन र बुद्धि त्यसका पेट हुन् ।" यस्तो बिम्बलाई भुलेर नन्दीलाई गोरू भन्दा इतिहास र भविष्यले हामीलाई के भन्लान् ? पुत्र प्राप्त भएपछि शिलादलाई परमानन्द भयो र छोराको नाम नन्दी राख्नुभयो-

त्वयाऽहं नन्दितो यस्मान्नन्दी सुरेश्वर ।
तस्मात्त्वां देवमानन्दं नमामि जगदीश्वरम् ॥

-शिवपुराण (शतरूद्रसंहिता ६।४५)

मन्त्रलाई साक्षात्कार गर्नेलाई ऋषि भनिन्छ । त्याग, साधना, विज्ञता भएकाले नन्दीलाई पुजियो । शिलाद त ऋषि थिए । ऋषिले कसरी गोरू जन्माउँछ ? नन्दी सानैदेखि ध्यानी, तपस्वी र तत्त्वज्ञानी थिए । आफ्नै सामर्थ्यले महादेवको प्रिय एवम् शिवका उपासक भए । सिंहलाई वनको राजा, वासना विजयी, निर्भीक जनावर भनिन्छ । देवताद्वारा पराजित नभएका राक्षसहरूलाई देवीले हराइन् । देवीदेवताको जस्तो शक्ति र स्वभाव छ, उनीहरूको वाहन पनि त्यस्तै हुन्छन् । देवीमन्दिरअगाडि सिंह राखिएजस्तै शिवालयअघि नन्दी राखिन्छ । नन्दीको विवाह मरूत्की छोरी सुयशासँग भयो । (शिवपुराण, शतरूद्रसंहिता ७।४१)

महादेवले पार्वतीसँग सल्लाह गरेर नन्दीलाई गणाध्यक्ष पद एवम् शिवलिङ्गअगाडि बस्ने अधिकार प्राप्त भयो । अर्जुनले उलूपी नामकी नाग कन्यासँग विहे गरे, दक्षप्रजापतिकी कन्या विनिता र कश्यपबाट गरूडको जन्म भयो । कश्यप र कद्रूबाट नागहरू पैदा भए । हिरण्यकश्यपुकी श्रीमती एवम् भक्त प्रह्लादकी आमा कयाधु पनि नागकन्या थिइन् । इन्द्रको सारथि मातलिको विवाह नागकन्या गुणकेशसँग भयो । यी तथ्यले वैदिक समाजलाई बुझ्न, मूर्तिलाई मौनरूपले मनन गर्न सचेत गराउँछ ।

पादौ जानु कटिर्यावदर्चादृष्टिश्च वाहने ।
वृषदृष्टिर्विष्णुभागे घटितेषु च शास्त्रतः ॥
अर्चा श्रेष्ठा तथा लिङ्गं निलयांशेषु सर्वतः ।
वृषं न्यूनाधिकं बाणे रत्नजे च स्वयम्भुवि ॥

- अपराजितपृच्छा (१०९।१०-११)

अर्थात् "महादेवको मूर्ति हो भने नन्दीको उचाई पाउ, तिघ्रा, कम्मर वा दृष्टिसम्म हुनुपर्छ अथवा शास्त्र निर्देशित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुपर्छ । शिवलिङ्गको हकमा जलहरीभन्दा अग्लो नन्दीको उचाई हुनुहुँदैन ।" पशुपतिको मुख्य नन्दी मन्दिरको गर्भगृहभित्र राखिएको छ । चाँदीले शोभायमान नन्दीको उचाई महादेवभागको लगभग आधासम्म पुग्छ । मुसलमानले पशुपतिलाई ध्वस्त गराएपछि बनेको शिवलिङ्गमा नन्दीलाई मिलाएर राखिएन कि जस्तो देखिन्छ । शिवलिङ्गमा नन्दीको उचाई ब्रह्मभागदेखि विष्णुभागसम्म हुनुपर्छ । (अपराजितपृच्छा २०८।७) शिवलिङ्ग जुन पदार्थबाट बनेको छ त्योभन्दा बहुमूल्य वा पवित्रतम पदार्थबाट नन्दीको निर्माण गर्नुहुँदैन । पशुपतिको शिवलिङ्ग ढुङ्गाबाट बनेको छ नन्दी किन चाँदीबाट बनाइयो ? यो कसरी भयो ? अनुसन्धानको विषय हो । नन्दीको पूजा एवम् दर्शनपछि शिवलिङ्गको पूजा र दर्शन गर्नुपर्छ । आपसमा शक्ति प्रवाह हुनेहुँदा शिवलिङ्ग र नन्दीको बिचमा बसेर पूजा र साधना गरिँदैन । नन्दीले विभिन्न युद्धमा भाग लिएका र कतिपय स्थानमा सेनापतिको भूमिका निर्वाह गरेको वर्णन पुराणहरूमा पाइन्छन् । गोरूले देवताहरूको नेतृत्व गर्दै युद्ध गर्नु त हाँस्यास्पद हुन्छ । नन्दी वास्तवमा गोरू होइनन् ज्ञान, विज्ञान, अध्यात्म आदिका ज्ञाता भएको विषयलाई शिवालय, पुराण, तन्त्र आदिले बताउँछन् । शिवका पाश्वर्ती, महादेवका स्वकीय सचिव, वेदका ज्ञाता, मन्त्र र तन्त्रका विज्ञ, युद्ध र यज्ञका विशेषज्ञ ऋषिपुत्र नन्दीलाई गोरू भन्नु दुःखद विषय हो । नन्दी त तन्त्र र मन्त्र, महादेव र शिवजीलाई जोड्ने पुल हुन् ।

शिवलिङ्ग भित्रको विज्ञान' पुस्तकका बारेमा:

नेपालको इतिहास एवम् धर्मसंस्कृतिका अध्येता हरिप्रसाद सोडारीद्वारा लिखित 'शिवलिङ्गभित्रको विज्ञान' कृति सार्वजनिक भएको छ । गत असोज २२ गते सार्वजनिक गरिएको यो पुस्तक तेह्र वर्षको अथक अनुसन्धान पछि उहाँले यो अनुसन्धानात्मक कृति प्रकाशनमा ल्याउनुभएको हो । आराध्यदेव पशुपतिनाथलाई अर्पण र डा. स्वामी प्रपन्नाचार्यको तस्बिमा समर्पण गरी पशुपतिनाथ मन्दिर परिसरमा पुस्तक सार्वजनिक गरिएको थियो ।

शोधकर्ता सोडारीले यसअघि पनि 'के ईश्वर छ ?', 'साधनाको अनन्त यात्रा डा स्वामी प्रपन्नाचार्य' र 'धर्मभित्रको विज्ञान' कृति प्रकाशन गरिसक्नुभएको छ । धर्मभित्रको विज्ञान परिमार्जित रूपमा पुनः प्रकाशित गरिएको छ । एउटा अनुवाद र २२ वटा ग्रन्थ सम्पादन गर्नुभएका सोडारीले यस ग्रन्थमा तन्त्र, मन्त्र, यन्त्रसहित साधनाका विषयलाई प्राथमिकता दिनुभएको छ । वेदका अध्येता गुरू डा. स्वामी प्रपन्नाचार्यको आशीर्वचन राखी नेपालको माटोदेखि मठमन्दिर, शिवालय, देवस्थल, तीर्थस्थलको महिमालाई उजागर गर्नुका साथै शिवलिङ्गका विषयमा विभिन्न अनुसन्धानात्मक विषयवस्तु समेटिएको छ ।

ऋषिमुनि, साधक, साधनाको गरिमालाई वैज्ञानिक दृष्टिले हेर्ने चिन्तनलाई सोडारीले ३ सय ५६ पृष्ठको यस कृतिमा समावेश गर्नुभएको छ । अन्तिम खण्डमा पुस्तकमा वर्णित तथ्यलाई पुष्टि गर्ने ३५ वटा चित्र र लेख रचनालाई पुष्टि गर्ने विभिन्न सन्दर्भ सामग्रीहरू पनि समावेश गरिएका छन् । ❖

हार्दिक शुभकामना

नेपालीहरूको महान् पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्व- २०८१ को पावन अवसरमा वडावासी लगायत सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धिको कामना सहित हार्दिक शुभकामना अर्पण गर्दछौं ।

बालकृष्ण महर्जन
वडाध्यक्ष एवम्

काठमाडौं महानगरपालिका वडा नं.- १२
परिवार
टेकु, काठमाडौं

जन्म, विवाह, बसाइसराई, सम्वन्ध विच्छेद, मृत्युलगायतका व्यक्तिगत घटना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गतिविधि

कालीगण्डकीमा महामहोत्सव हुने

मातापिताप्रतिको सम्मान र सेवाभाव बढाउन कालीगण्डकीको उत्तरवाहिनीमा कात्तिक ९ देखि ३० गतेसम्म मातापिता पूजन एवम् गण्डकी शालग्राम दामोदर महामहोत्सव आयोजना गरिने भएको छ । कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानको आयोजनामा स्याङ्जाको गल्याङ नगरपालिका-१. मालुङ्गा र पाल्पाको रम्भा गाउँपालिका-१. असेटीमा रहेको उत्तरवाहिनीमा मातापिता पूजन एवम् गण्डकी शालग्राम दामोदर महामहोत्सव गर्न लागिएको हो ।

जीवित रहेका मातापिताप्रतिको कर्तव्यबोध गराउँदै दिवङ्गत भइसकेका मातापिताप्रति श्रद्धाभाव जनाउन महोत्सव गर्न लागिएको कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानका अध्यक्ष चैतन्यकृष्णको भनाइ छ । उहाँले भन्नुभयो- अभिभावकप्रतिको दायित्वबोध गराउँदै संस्कार युक्त समाज निर्माण गर्न महोत्सवको आयोजना गरिएको हो ।' कालीगण्डकी उत्तरवाहिनी नदीको विशेष महत्त्व रहेको साथै धार्मिक पर्यटनका लागि राम्रो सम्भावना भए पनि प्रचारप्रसारको अभावमा ओझेलमा परेको चैतन्यकृष्णको भनाइ छ ।

महामहोत्सवमा मातापिताको प्रत्यक्ष एवम् मानसपूजन, विभिन्न महापुरूषद्वारा दिव्य प्रवचन, समरा योग अनुशासन, प्राणायाम, ध्यान तथा साधना गरिने छ । यसै गरी हात हातमा दीपक लिएर गण्डकी एवम् दामोदरको आरति, सविधि कार्तिक स्नान तथा उत्तरवाहिनी गण्डकी मन्त्रोच्चारणपूर्वक जीवन जिउने कला, तनाव व्यवस्थापन, मातापिताको सेवालगायतका विधाको प्रशिक्षण हुने चैतन्यकृष्णले बताउनुभयो ।

उक्त अवसरमा शिक्षा, अध्यात्म, संस्कृति क्षेत्रका सम्बन्धमा विज्ञको सम्मेलन, गोष्ठी, सेमिनार, आयुर्वेद योग र प्राकृतिक उपचारको सिकाइ गरिने छ । प्रतिष्ठानद्वारा सञ्चालित गुरूकुलममा विभिन्न जिल्लाका ३३ विद्यार्थी निःशुल्क रूपमा अध्ययनरत छन् । महोत्सवले विद्यार्थीको अध्ययन तथा प्रतिष्ठानलाई दिगोपनाका लागि सहयोग पुग्ने प्रतिष्ठानले जनाएको छ । महामहोत्सवले विद्यादान, अन्नदान र जीवनदानका लागि अक्षयकोष स्थापनार्थ सहयोग पुग्ने समेत अध्यक्ष चैतन्यकृष्णले जानकारी दिनुभयो । विभिन्न कार्यक्रममार्फत ११ करोड रूपैयाँको अक्षयकोष स्थापना गर्ने प्रतिष्ठानको योजना छ ।

वेदान्त र विज्ञान विषयक सम्मेलन हुने

जीवन र उत्पत्ति उद्गममा वेदान्त र विज्ञान वीचको सम्वाद विषयक प्रथम अन्तर्राष्ट्रिय सम्मेलन हुने भएको छ । आगामी २०८१ मङ्सिर ८ र ९ गते अक्षरा स्कुल काँडाघारी काठमाडौंमा उक्त सम्मेलनको आयोजना हुने भएको हो । सम्मेलन आयोजकको रूपमा आध्यात्मिक संस्कृति तथा विज्ञानका लागि श्रीचैतन्य सारस्वती सभा, सनातन अध्ययन तथा अनुसन्धान प्रतिष्ठान, नेपाल रहेको छ भने नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय र त्रिभुवन विश्वविद्यालयको विशेष सहयोग रहेको छ । उक्त सम्मेलनमा नेपालका साथै भारत, अमेरिका लगायतका देशका २ दर्जन भन्दा बढी प्रतिष्ठित आध्यात्मिक गुरू एवम् वरिष्ठ वैज्ञानिकहरूले मुख्य, पूर्णकालिन तथा आमन्त्रितका रूपमा रही प्रवचन गर्नुका साथै कार्यपत्र पेश गर्नुहुनेछ ।

सनातन अध्ययन तथा अनुसन्धान प्रतिष्ठानका अध्यक्ष प्रा.डा. मोहन खरेलका अनुसार सम्मेलनमा करिव ३०० जनाको सहभागिता रहनेछ । वैज्ञानिक तथ्य र अनुसन्धानका आधारमा अध्यात्मलाई विज्ञानसँग जोडेर अध्यात्मप्रति जिज्ञासु जमातको पूर्वीय दर्शनप्रतिको लगावलाई अझ बढाउने सम्मेलनको उद्देश्य रहेको छ । भौतिक जगत्को सुख क्षणिक रहने तर आध्यात्मिक सुख कहिल्यै नमेटिने शाश्वत सत्यको जागरण गरी नेपाललाई अध्यात्मको अन्तर्राष्ट्रिय केन्द्र बनाउन यो सम्मेलनले अझ धेरै बल पुऱ्याउने कुरा आध्यात्मिक संस्कृति तथा विज्ञानका लागि श्रीचैतन्य सारस्वत सभाका अध्यक्ष स्वामी राममणि नेपालले जानकारी गराउनुभयो । त्यस्तै सनातन विज्ञान शिक्षा तथा अनुसन्धान केन्द्र, रिकाष्ट, त्रिभुवन विश्वविद्यालयका अधिकारी डा. दीपेन्द्र पराजुलीले हाम्रा सनातनी पदार्थहरूको प्रयोगशालामा परिक्षण गरी तिनीहरूको व्यावहारिक महत्त्व उजागर गर्नु अहिलेको महत्त्वपूर्ण चुनौति तथा अवसर पनि भएकोले यसै कार्यमा लागि परेको कुरा प्रष्ट पार्नुभयो । सम्मेलनले वैदिक सनातनीहरूमा हिन्दु सभ्यताभित्र विद्यमान अन्योलहरूको चिरफार गर्ने विश्वास लिइएको छ । ❖

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम गरौं

- चाडपर्वमा अनावश्यक तडक भडक नगरौं,
- जुवातास नखेलौं र मद्यपान नगरौं,
- धार्मिक, सांस्कृतिक मूल्य मान्यता र परम्परा जोगाऔं,
- चाडपर्वलाई सामाजिक सहिष्णुता र मेलमिलापको अवसरका रूपमा प्रयोग गरौं,
- आफ्नो जस्तै अरूको धार्मिक, सांस्कृतिक रीतिरिवाजको सम्मान गरौं,
- चाडपर्व एक आपसमा मिली हर्षोल्लासका साथ मनाऔं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शुभ दीपावली तथा छठ पर्व २०८१ को हार्दिक शुभकामना!

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

ॐ

अरुणसिंह पण्डालवाला

गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरूः

वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्पर्क गर्नुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली
भोजनका लागि सदैव सम्झनुहोला ।

त्रिवेणी भोजनालय

क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

Your Printing Solution



"गुणस्तरीय छपाई,
सुपथ मुल्य"

किशोर अफसेट प्रेश प्रा. लि.

गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

First International Conference on

Vedanta & Science on the Origin of Life & Evolution

November 23—24, 2024 (Mangsir 8-9, 2081), Saturday & Sunday
Aksharaa School, Kathmandu, Nepal

Conference Themes

1. Origin of Matter, Life, and the Universe (Abiogenesis vs. Biogenesis)
2. Vedantic View of the Origin of Life
3. Vedantic vs. Scientific Concept of Reality: Is Reality an Organic Whole or a Chemico-Mechanical System?
4. Objective Evolution (of Bodies) vs. Subjective Evolution (Consciousness or Transmigration of the Soul)
5. Teleology
6. Atheistic and Theistic Sankhya Philosophy
7. Absolute Truth is Self-Caused—Sarva Karana Karanam
8. Personal and Impersonal Concepts of Reality (Brahma, Paramatma, and Bhagavan)
9. Impact of Scientific and Vedantic Views on Society
10. Materials on Sanatan Science

अक्षरा स्कुल
AKSHARAA SCHOOL
सस्कारयुक्त शिक्षा

Important dates & deadlines

- Submission of Abstract: October 1, 2024
  Extended upto 30th Ashoj, 2081 (16th October 2024)
- Acceptance of Abstract: October 15, 2024
  Extended: upto 14th Kartik, 2081 (30th October 2024)
- Registration: November 1, 2024
- Conference date: November 23-24, 2024
- Submission: vedic.science2024@gmail.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गो.हु.का. (मक्षहुनि.दन) १०/०६७/०६८

गाई सबैको निम्ति....

- तपाई धनवान् हुनुहुन्छ भने गौमाताको निम्ति गौशाला खोल्नुहोस् ।
- यदि तपाई प्रहरी (सुरक्षाकर्मी) हुनुहुन्छ भने गाईगोरुहरुको अवैध तस्करी नियन्त्रण गर्नुहोस् ।
- यदि तपाई वकिल हुनुहुन्छ भने गोरक्षा सम्वन्धी मुद्धामा वहस गर्नुहोस् ।
- यदि तपाई डाक्टर (स्वास्थ्यकर्मी) हुनुहुन्छ भने गाईको दूध, दही, घिउ, गोवर र गहुतको महिमाको बारेमा जनसाधारणलाई प्रेरणा दिनुहोस् ।
- यदि तपाई पशुचिकित्सक हुनुहुन्छ भने रोगी, घाइते गाईगोरुको उपचार गर्नुहोस् ।
- यदि तपाई शिक्षक हुनुहुन्छ भने विद्यार्थीहरुलाई गौमाताको महिमाको बारेमा अध्यापन गराउनुहोस् ।
- यदि तपाई किसान हुनुहुन्छ भने गोवरको प्रयोग गरी विषदीमुक्त अर्गानिक खेती गरी अमृत अन्न उब्जाउनुहोस् ।
- यदि तपाई राजनेता हुनुहुन्छ भने गोवध गर्ने विरुद्ध कडा कानून बनाई लागु गर्नुहोस् ।
- यदि तपाई पत्रकार हुनुहुन्छ भने गौमाताको लाभको विषयमा समाजमा प्रचार गर्नुहोस् ।
- यदि तपाई सामान्य व्यक्ति हुनुहुन्छ भने गौमाताको दूध, दही, घिउको उपभोग गर्नुहोस् र गौमाताको रक्षाको निम्ति मद्दत गर्नुहोस् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal